# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ११ अङ्क १ पूर्णाङ्क ४७१ | २०८३ असार ८ गते सोमबार | Monday, 22 June, 2026 | पृष्ठ ८ | मूल्य रू. १० |-


## पार्वती रिजालप्रति श्रद्धाञ्जली



काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले पार्टीका केन्द्रीय समिति सदस्य कुलप्रसाद रिजालकी आमा पार्वती रिजालको दुःखद निधन भएकोले उहाँको निधन प्रति श्रद्धाञ्जली व्यक्त गरेको छ। क्रान्तिकारी कम्युनिष्ट पार्टी

बाँकी ७ पेजमा

# ‘बालेन सरकारको फासिवादका विरूद्ध वामपन्थी पुनर्जागरणको आवश्यकता’



काठमाडौं। सामाजिक सञ्जालका भित्ताहरूमा, माइतीघर मण्डला लगायत सडकहरूमा, चिया चौतारीहरूमा, राज्यशक्तिको दुरूपयोग गर्दै डोजर लगाएर विस्थापित सुकुम्बासी तथा अव्यवस्थित बस्तीका नागरिकहरू, सुकुम्बासीहरूलाई बन्दी बनाएर राखिएका होल्डिङ सेन्टरहरूमा, विद्यालय र क्याम्पसहरूमा, प्राज्ञिक अनुसन्धानका डिस्कोर्सहरूमा, नागरिक समाजका गोष्ठीहरूमा, पत्र पत्रिका, अनलाइन तथा टेलिभिजन जस्ता मिडियाका कन्टेन्टहरूमा, बौद्धिक बहसहरूमा, विभिन्न राजनीतिक पार्टीका भेला बैठकहरूमा, किसान, मजदुर, विद्यार्थी, शिक्षक, प्राध्यापक वर्गलगायत सबैतिर अहिले ‘फासिवाद’ पदावलीको चर्चा हुन थालेको छ। नेपालको सन्दर्भमा फासिवादको बालेन आयामका विशेषताहरूका बारेमा पनि बहस हुन थालेको छ। र, फासिवादका विरुद्धको प्रतिरोध संघर्ष संगठित गर्नुपर्ने विषयमा धैरै कोणबाट राजनीतिकदेखि प्राज्ञिकतहसम्मका बहसहरू हुन थालेका छन्। मूलरूपमा फासिवादका विरुद्ध लड्न र जित्न सक्ने वैकल्पिक विचार, राजनीति, संगठन र संघर्ष के कस्तो हुने भन्ने विषयमा पनि सघन बहसहरू भइरहेका छन्। बालेन सरकारले ६० दिन पूरा नगर्दै राजनीतिक वृत्तमा फासिवादका विषय एउटा जबर्जस्त बहस सिर्जना गर्ने परिस्थिति सिर्जना गरिदिएको छ।

शनिबार प्रगतिशील रूपान्तरण अभियानले काठमाडौंमा एउटा अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो। अन्तरक्रियाको शीर्षक थियो- वामपन्थी आन्दोलनको पुनर्जागरण कसरी ? वक्ताहरू थिए- हेमन्तप्रकाश ओली, आहुति, उदयबहादुर चलाउने, अनिता पण्डित र झलक सुवेदी। कार्यक्रममा प्रमुख वक्ताको रूपमा हेमन्तप्रकाश ओलीले वामपन्थी पुनर्जागरण कसरी गर्न सकिन्छ भन्ने विषयमा महत्वपूर्ण धारणा राख्नुभएको थियो। उहाँले भन्नुभयो, “जेनजी विद्रोहको नाममा सफ्ट कू गरेर नेपालमा अमेरिका र भारत मिलेर आफ्नो कठ्पुलती सरकार स्थापना गरियो। निर्वाचन प्रायोजित थियो। र, अहिले बालेन्द्र सरकारले फासिवादी शासन लाद्ने प्रयास गरिरहेको छ। तर यसको आयु लामो छैन। अब प्रश्न आउँछ- कसरी यो फासिवादी सत्ता पल्टाउन सकिन्छ ? त्यसका लागि कम्युनिस्ट क्रान्तिकारी आन्दोलनको विकल्प छैन। अहिलेको अवस्थामा कसरी वामपन्थी आन्दोलनलाई पुनर्जागरण गर्न सकिन्छ त ? त्यसका लागि सबै वामपन्थी, आफूलाई कम्युनिस्ट भन्नेहरू के कुरामा सहमत हुनुपर्दछ भने आजको सबैभन्दा उत्कृष्ट विज्ञान भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद नै हो। मार्क्सवाद-लेनिनवाद-माओवादलाई हामीले पथप्रदर्शक सिद्धान्त मान्नै पर्दछ। यसका केही अपुगताहरू हुन सक्दछन् त्यसमा थप विकास गरेर जानु पर्दछ।

स्वभाविक रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा प्रश्नहरू छन्- रुस, चीन जस्ता देशहरूमा किन प्रतिक्रान्ति भयो ? ती देशहरूमा लालसेनाले किन ती समाजवादी सत्ताहरू टिकाउन सकेन ? माओले किन जीवनको उत्तरार्द्धमा दशवर्ष सर्वहारा सांस्कृतिक क्रान्ति गर्नुपऱ्यो ? त्यसले दिएको शिक्षा के हो ? यस विषयमा गहिरो खोज अध्ययन गर्नुपर्दछ।

त्यसैगरी वामपन्थी आन्दोलनलाई पुनर्जागृत गर्न अर्को विषयमा पनि स्पष्ट हुनुपर्दछ कि अब समाजवाद मात्र भनेर हुँदैन। समाजवाद त हिटलरले पनि भनेका थिए। नेपालमा राप्रपा कांग्रेसहरूले पनि समाजवाद भनिरहेकै छन्। कम्युनिस्टहरूले भन्ने समाजवाद भनेको वैज्ञानिक समाजवाद हो। वैज्ञानिक समाजवाद ल्याउनका निम्ति दलाल पुँजीलाई कब्जा गर्नै पर्दछ। दलाल पुँजी कब्जा नगरी राष्ट्रिय पुँजीको विकास गर्न सकिन्न। राष्ट्रिय पुँजीको विकास नगरी वैज्ञानिक समाजवादमा पुग्न सकिन्न। अहिलेको सत्ता र व्यवस्थाले अभ्यास गरिरहेको भनेको दलाल पुँजीवाद हो- स्वदेशमा कुनै उद्योगधन्दा, कलकारखाना केही नखोल्ने, देशभित्र केही पनि उत्पादन बाँकी ६ पेजमा

## एसएसबीको प्रतिकार गर्ने सुस्ताबासीको कदम प्रति ऐक्यबद्धता



नवलपरासी। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नवलपरासीले भारत अतिक्रमित सुस्ता भुमिमै पुगेर एसएसबीको प्रतिकार गर्ने सुस्ताबासीको कदम प्रति ऐक्यबद्धता जनाएको छ। शनिबार पार्टीका स्थायी समिति सदस्य कृष्ण पौडेलको नेतृत्वमा सुस्ता पुगेको टोलीले सुस्ताबासीको आन्दोलन प्रति ऐक्यबद्धता जनाएको हो। सो टोलीमा पार्टी केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज क्षेत्र बहादुर थापा, बैकल्पिक केन्द्रीय सदस्य एवं जिल्ला सेक्रेटरी रवि पाण्डेयलगायतले सुस्ता बचाउ आन्दोलनका उपाध्यक्ष आदम खाँलगायत संग भेटघाट एवं सीमा निरीक्षण गरेको थियो। टोली संग सुस्ताबासीले प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्तिले भारतीयहरूको मनोबल वृद्धि भएको समेत बताएका थिए।

# क्रान्तिकारी प्रेस संगठनको तेस्रो राष्ट्रिय भेला सम्पन्न

## नारायण पंगेनीको संयोजकत्वमा ३१ सदस्यीय सम्मेलन आयोजक कमिटी गठन

काठमाडौं। क्रान्तिकारी प्रेस संगठनको तेस्रो राष्ट्रिय भेला सम्पन्न भएको छ। भेलाले पत्रकार नारायण पंगेनीको संयोजकत्वमा ३१ सदस्यीय सम्मेलन आयोजक कमिटी निर्वाचित गरेको छ। १० सदस्य पछि थपिने बताइएको छ।

भेलाले संयोजकमा नारायण पंगेनी, सदस्यहरूमा गोविन्द काफ्ले, अनु निरौला, मनु विक, सागर श्रेष्ठ, प्रेम कँडेल, दामोदर खनाल, कुमार भट्टराई, धनन्जय अवस्थि, रवि पाण्डे, झनक श्रेष्ठ, टेकहिर न्यौपाने, विष्णु शर्मा,विष्णु आले, ईश्वरी प्रसाद गैरे, बुद्धिराम गैरे, शोभा राणा, नहकुल चौलागाई, अमीरमैया रञ्जित, अर्पणा श्रेष्ठ, दिलिप थापालाई निर्वाचित गरेको हो।

उद्घाटन बाँकी ७ पृष्ठमा




## क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य कृष्णराज पौडेलले सुस्ताका जनता सित के भन्नु भयो ?

❑ रबि पाण्डेय

नवलपरासी। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य कृष्णराज पौडेलले सुस्ताका जनता सित सीमाका समस्या नयाँ जनवादी क्रान्तिबाट मात्र हल हुने बताउनुभएको छ। असार ६गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नवलपरासीले सुस्ता भूमिका जनता सित प्रत्यक्ष भेटघाट गर्ने कार्यक्रम अन्तरगत पौडेलले सुस्ताका जनता सित सो कुरा बताउनुभएको हो। पौडेलले भन्नुभयो “ विद्यमान व्यवस्थामा जुन सुकै पार्टीको सरकार आए पनि सीमाको समस्या हल गर्न सक्दैनन्।तराईका जनताको निरन्तर लडाईले नेपालको भूमि जोगाउने कार्यमा योगदान पुगेको छ। यदि हामीले सरकारमा मात्र



भर परेकोभए नेपाल नै सिध्याई दिने थिए।”

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नवलपरासीले भारत अतिक्रमित सुस्ता भुमिमै पुगेर एसएसबीको प्रतिकार गर्ने सुस्ताबासीको कदम प्रति ऐक्यबद्धता एवं सीमा अवलोकन गरेको छ। शनिबार टोलीसँग

# ‘राष्ट्रिय स्वाधिनतता र सुकुम्बासी समस्या’ विषयक विचारगोष्ठी सम्पन्न





काठमाण्डौ। केन्द्रीय संयुक्त संघर्ष समितिको आयोजनामा राष्ट्रिय स्वाधिनता र सुकुम्बासी समस्या विषयक अन्तरक्रिया कार्यक्रम राजधानीमा सम्पन्न भएको छ। अन्तरक्रिया कार्यक्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल ,नेकपा बहुमतका महासचिव धर्मेन्द्र बाँकी ७ पृष्ठमा

# १९१७ को रूसी अक्टोबर क्रान्ति र १९४९ मा सम्पन्न चिनिया“ क्रान्ति एउटै विधिबाट भएका हुन् ?

अह, त्यसो भएन, विचारधारा (क्षमययिनथ) एउटै थियो क्रान्ति सम्पन्न फरक फरक ढंगले भयो। दर्शन, अर्थनीति र राजनीति आउने थलो एउटै रह्यो। कार्य पूरा गर्न छुट्टाछुट्टै चाल चल्नु पऱ्यो। यसै सिद्धान्तलाई हाँक्ने संस्थापकहरूले आफ्नो मुख्य कृति “कम्युनिस्ट पार्टीको घोषणपत्र” मा पहिले नै भनिसकेका छन्। सबै कुरा देशको परिस्थितिमा भर पर्छ। ती थिए दर्शनको गढ भएको देश जर्मनीका कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स २ वर्षका जेठा कान्छा एउटा १८१८ र अर्का १८२० आजसम्म सामाजिक विज्ञानमा दार्शनिकहरूले गर्न नसकेको खोज एंगेल्सको सदा साथी मार्क्सले गरी भ्याए।

दर्शनमा द्वन्द्ववाद भौतिकवाद, ऐतिहासिक भौतिकवाद ल्याएर आजसम्म एकछत्र प्रभुत्व जमाई राखेको आध्यात्मवादी आर्दशवादी विचारको जरो काटिदिए। त्यो दर्शन कल्पनामा सोचमा मात्र आधारित भएको सावित गरिदिए। त्यसबेलासम्म अर्थतन्त्रमा भएको व्यवस्थालाई आफ्नो महत्वपूर्ण ग्रन्थ पुँजी लेखेर समाज आर्थिक रूपले वर्गमा विभाजित भएको देखाईदिए। पुँजी र श्रमको भिन्नता देखाएर पुँजी कमाउने साधन एक मात्र श्रम अतिरिक्त श्रमको शोषण मात्र हो भन्ने सावित गरिदिए। जसलाई आजसम्मका पुँजीवादी अर्थशास्त्रीहरूले असत्य प्रमाणित गर्न सकेका छैनन्। यस शोषणमा आधारित समाजलाई व्याख्या मात्र गरेर छाड्ने कि यसमा केही हेरफेर गर्ने सम्बन्धमा मार्क्सले हेरफेर गर्न पर्छ भन्नेमा बाँकी ४ पृष्ठमा



● शालिकराम भण्डारी ●

## सम्पादकीय

# विशेष प्रकाशकीय तथा सम्पादकीय

वर्गदृष्टि साप्ताहिक र मूलबाटो डटकम प्रकाशनले दशवर्ष पूरा गरी असारको पहिलो हप्ताबाट एघारौं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा हामी हाम्रा पाठक, विज्ञापनदाता, लेखक, कर्मचारी, पत्रकार तथा प्रकाशनलाई प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्‍याउनु हुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौं । र, सबैमा बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौं । साथै, प्रकाशनको निरन्तरता, स्तरीकरण र प्रभावकारिताका लागि आगामी दिनमा थप सहयोगको अपेक्षा पनि गर्दछौं ।

हरेक मिडियाका आफ्ना विश्वदृष्टिकोण हुन्छन् र पक्षधरता पनि हुन्छन् । हाम्रो मिडियाको पनि आफ्नो विश्वदृष्टिकोण र पक्षधरता रहेको हामी सगर्व घोषणा गर्दै आएका छौं । स्थापपनाकालदेखि नै हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई प्रमुखताका साथ उठाउँदै आएका छौं । चौतर्फी आर्थिक संकट, संशोधनवादी, अवसरवादी र प्रतिक्रियावादी वर्गको घेराबन्दीका बाबजुद निकै ठूलो श्रम, पसिना र मिहनेतका बिच हामीले यो प्रकाशनको प्राणलाई आजका दिनसम्म बँचाएर ल्याउन सफल भएका छौं । र, आगामी दिनमा यो प्रकाशनलाई अझ सबल बनाएर निरन्तर रूपमा अगाडि बढाउन सम्बन्धित सबैको रचनात्मक र उत्साहपूर्ण सहयोग र हौसला प्राप्त हुने पनि अपेक्षा गरेका छौं ।

पत्रपत्रिकाहरू भनेका जनताका बौद्धिक सम्पत्ति हुन् । पत्रपत्रिका केवल सूचना प्रवाह गर्ने साधन मात्र होइनन्, वर्गीय स्वार्थ, राजनीतिक चेतना र क्रान्तिका शक्तिशाली हतियार पनि हुन् । कार्लमार्क्सले पत्रिपत्रिकालाई ‘जनताको विवेक र आलोचनाको हतियार’ मानेका छन् । मार्क्सले पूँजीवादी व्यवस्थामा सञ्चारमाध्यममाथि धनाढ्य वर्गको नियन्त्रण हुने र त्यसले सर्वहारा वर्गको आवाज दबाउने कुरा औंल्याएका छन् । उनका अनुसार पत्रपत्रिका नाफा कमाउने व्यापार व्यवसाय नभएर सत्य उजागर गर्ने माध्यम हुन् र हुनु पर्दछ । लेनिनले “पत्रिका केवल सामूहिक प्रचारक र सामूहिक आन्दोलक मात्र होइन, यो एक सामूहिक संगठक पनि हो” भने । माओले पत्रपत्रिकालाई “मास लाइन“ (जनदिशा) को सिद्धान्तसँग जोडेर परिभाषित गरे । उनले पत्रपत्रिकाहरू पार्टी, सरकार र जनताका साझा “मुखपत्र“ हुन् भने । माओले क्रान्ति सम्पन्न गर्न दुईवटा मोर्चा आवश्यक पर्ने बताएका थिए– एउटा बन्दुकको मोर्चा (सैनिक) र अर्को कलमको मोर्चा (सांस्कृतिक/वैचारिक) । पत्रपत्रिका कलमको मोर्चाका मुख्य हतियार हुन्, जसले जनताको चेतना रूपान्तरण गर्छन् ।

माओले प्रेस कहिल्यै पनि तटस्थ हुन नसक्ने र यसले सधैं कुनै न कुनै वर्गको प्रतिनिधित्व गर्ने वकालत गरे । समाजवादी व्यवस्थामा पत्रपत्रिकाले सर्वहारा वर्गको हित र प्रतिक्रियावादी तत्वहरू विरुद्धको संघर्षलाई प्रवर्द्धन गर्नुपर्छ भन्ने उनको मान्यता थियो । मार्क्सवादी दृष्टिकोणमा “प्रेसको तटस्थता” वा “निष्पक्ष पत्रकारिता“ लाई एउटा बुर्जुवा भ्रम वा ढोंग मानिन्छ । मार्क्स, लेनिन र माओ प्रश्न गर्छन्- जब समाज नै वर्गमा विभाजित छ भने समाजको एउटा हिस्सा रहेको प्रेस कसरी तटस्थ हुन सक्छ ? “प्रेस कि त शासक वर्गको पक्षमा हुन्छ, कि त शोषित वर्गको पक्षमा ।” यी दुईको बीचमा कुनै तेस्रो वा तटस्थ ठाउँ हुँदैन । पूँजीवादी व्यवस्थामा सञ्चारमाध्यमहरू ठूला घराना वा कर्पोरेट हाउसहरूको लगानीमा सञ्चालित हुन्छन् । बुर्जुवा (पूँजीवादी) पत्रपत्रिकाहरूले आफूलाई “निष्पक्ष“ वा “स्वतन्त्र“ दाबी त गर्छन्, तर संकटको बेला उनीहरूले सधैं शासक वर्ग र पूँजीवादी व्यवस्थाकै रक्षा गर्छन् । उनीहरूले ‘तटस्थता’ को नारा दिएर वास्तवमा सर्वहारा वर्गको क्रान्तिकारी चेतनालाई भुत्ते बनाउने र यथास्थितिलाई कायमै राख्ने काम गर्छन् । त्यसैले यो तटस्थता जनतालाई भ्रममा राख्ने एउटा हतियार मात्र हो । लेनिनले त झन् खुला रूपमा भनेका छन् कि प्रेस कहिल्यै पनि गैर-राजनीतिक वा गैर-वर्गीय हुन सक्दैन । लेनिनका अनुसार, बुर्जुवा प्रेसको ‘छद्म तटस्थता’ भन्दा कम्युनिष्ट प्रेसको ‘खुला पक्षधरता’ इमानदार र क्रान्तिकारी हुन्छ । कम्युनिष्ट प्रेसले आफूलाई लुकाउँदैन, यसले खुला रूपमा भन्छ कि यो सर्वहारा वर्ग र कम्युनिष्ट पार्टीको हतियार हो ।

माओका अनुसार क्रान्ति भइरहेको बेला वा समाजवाद निर्माणको चरणमा प्रेस कि त क्रान्तिको पक्षमा उभिनुपर्छ, कि त प्रतिक्रान्तिको पक्षमा । ‘म तटस्थ बस्छु’ भन्नुको अर्थ अप्रत्यक्ष रूपमा शोषक वर्गलाई नै मद्दत गर्नु हो । मार्क्सवादी विचारधाराले मिडियालाई समाजको ‘सुपरस्ट्रक्चर’ (उपरिसंरचना) मान्छ, जसलाई आर्थिक रूपमा बलियो भएको वर्गले नियन्त्रण गर्छ । त्यसैले पूँजीवादी मिडियाले दाबी गर्ने “प्रेसको तटस्थता” वास्तवमा पूँजीपति वर्गको स्वार्थ लुकाउने एउटा वैचारिक मुकुण्डो मात्र हो, जसलाई मार्क्सवादले पूर्ण रूपमा अस्वीकार गर्छ ।

हो हामीले यही उल्लेखित विचारहरूको प्रेस सम्बन्धी दृष्टिकोणलाई आफ्नो विश्वदृष्टिकोणको रूपमा अपनाउँदै नेपालका श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको मुक्तिपथको सहयात्रीको रूपमा आफूलाई उभ्याउँदै आएका छौं । र, अहिले डिजिटल मिडिया र एआईले खडा गरेको चुनौतिलाई पनि सामना गर्दै हाम्रो पत्रकारितालाई आगामी दिनमा अझ नयाँ आयामका साथ प्रखर रूपमा अगाडि ल्याउने प्रतिबद्धता पनि व्यक्त गर्दछौं । र, रचनात्मक सझाव तथा आलोचनासहित सबैको प्रत्यक्ष परोक्ष रूपमा सहयोग प्राप्त हुने पनि अपेक्षा गर्दछौं । *-प्रकाशन परिवार*


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौं ।

www.moolbato.com


# भारतको दोहोरो नीति र नेपालको सुरक्षा चासो



● डा. केशव देवकोटा ●

**रास्वपाका नेताद्वयको भारत भ्रमण र त्यसक्रममा उठेका प्रशंग तथा देखिएका गतिबिधिले गर्दा अर्को छिमेकी चीन सजग र सतर्क भएको देखिएको छ । अब चीनले पनि भारतलाई दिए सरहको सुबिधाको मागगर्ने भएकाले नेपाल दोहोरो तानातानमा पर्ने अवस्था सिर्जना भएको छ । जुन कुराको संकेत नेपालका परराष्ट्रमन्त्रि खनालको हालैको चीन भ्रमणकाक्रममा स्पष्ट भएको थियो । त्यसैले नेपाल र भारतबीच रहेका समस्याहरूको समाधान गरेर सन्तुलित सम्बन्ध कायम गर्ने/गराउनेबारे नेपालमा सर्बदलीय र सर्बपक्षीय छलफल हुनुपर्ने देखिएको छ । नेपाल र भारतबीचको सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र आर्थिकरूपमा अतरसम्बन्धित रहेको छ ।**

भारतले आज जुन २२ र भोली २३ मा नयाँ दिल्लीमा ब्रिक्स राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठकको आयोजना गर्दैछ । जुन बैठकको अध्यक्षता त्यहाँका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले गर्ने कुरा त्यहाँको विदेश मन्त्रालयले पुष्टि पनि गरेको छ । बैठकमा राष्ट्रिय सुरक्षा सल्लाहकार/ब्रिक्स सदस्य राष्ट्रका प्रतिनिधिमण्डलका प्रमुखहरूले वर्तमान विश्वले सामनागर्ने परम्परागत सुरक्षा चुनौतिहरूका विषयमा विचारको आदान-प्रदान गर्ने कार्यक्रम रहेको छ। भारतीयहले राष्ट्रिय सुरक्षा चुनौतिहरूको द्रुतरूपमा विकसित प्रकृतिकासाथै उदाउँदो सुरक्षा खतराहरूमा नयाँ प्रविधिको भूमिकाबारेमा पनि छलफलगर्ने अन्तराष्ट्रिय सञ्चार माध्यमहरूले उल्लेख पनि गरेका छन् । उक्त बैठकमा आतंकवादको प्रतिरोध र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा सुरक्षासम्बन्धी हालै सम्पन्न ब्रिक्स संयुक्त कार्य समूहको परिणामको पनि समीक्षा हुने अपेक्षा गरिएको छ। भारतले यसअघि सन् २०१२ , २०१६ र २०२१ मा ब्रिक्सको अध्यक्षता गरेको थियोभने यसबर्ष (सन् २०२६) मा चौथो पटक ब्रिक्सको अध्यक्षता गर्दैछ। ब्रिक्सले विश्वका ११ वटा प्रमुख उदीयमान बजार र विकासोन्मुख देशहरूलाई प्रतिनिभित्वगर्ने छ। जसमा चीन, भारत, इजिप्ट, ब्राजिल, इथियोपिया, इन्डोनेसिया, इरान, रुस साउदी अरब, दक्षिण अफ्रिका, संयुक्त अरब इमिरेट्सलगायतका राष्ट्रहरू समावेश छन् । उक्त बैठकमा विश्वव्यापी तथा क्षेत्रीय महत्वका समकालीन मुद्धाहरू र विश्वव्यापी राजनीतिक र आर्थिक सवालहरूमा परामर्श हुनेभएको छ। ब्रिक्स २०२६ का लागि आधिकारिक वेबसाइटमा उल्लेख भएअनुसार बैठकमा राजनीति, सुरक्षा, अर्थव्यवस्था लगायतका बिषयमा छलफल हुने कुरा उल्लेख छ। जहाँ नेपालमा बढ्दो राजनीतिक अस्थिरताले प्रमुखता पाउने टिकाटिप्पणीहरू हुन थालेका छन् ।

यसअघि भारतकै आयोजनामा नयाँ दिल्लीमा क्वाडमा आबद्ध चारवटा देशहरू अमेरिका, भारत, जापान र अष्ट्रेलियाको बैठक भएको थियो । सो समूहको मुख्य उद्देश्य एशियामा चीनको बढ्दो शक्ति र प्रभावलाई सन्तुलनमा राख्नु हो। सो बैठकमा क्वाडका सदस्य राष्ट्रका विदेशमन्त्रिहरूले एशिया र प्रशान्त क्षेत्रका समस्याहरू समाधानगर्न मिलेर कामगर्ने सहमति गरेका थिए । गतवर्ष अमेरिका र भारतबीच केही असमझदारी हुँदा भारतका कतिपय कामहरू रोकिएका थिए । जतिबेला भारत चीन र रुससँग नजिकिन पुगेजस्तो देखिएको थियो। सो बैठकको चीनले खुलेर तर कडा प्रतिक्रिया दिएको थियो। सो बैठकमा पनि नेपालकाबारेमा कतिपय प्रशंगहरू उठेको भनिएको थियो । यता नेपालमा गत फागुन २१ को निर्वाचनबाट रास्वपाको नयाँ सरकार गठन भएपछि एकातिर आन्तरिकरूपले राजनीतिक अस्थिरता र सुरक्षा चुनौतीहरू बढेर गएको देखिएको छभने अर्कातिर छिमेकीहरू र त्यसमा पनि भारतसँगको सम्बन्धमा दरारको अवस्था सिर्जना भएको देखिएको छ। नेपालमा शासकहरूको बोलीको ठेगान नहुने समस्यालेगर्दा यस्तो अवस्था सिर्जना भएको संश्लेषण हुँदैछ । गत केही दिनअघि रास्वपाका सभापति रवि लामिछाने र सो पार्टीका नेता तथा परराष्ट्रमन्त्रि शिशिर खनालको भारत भ्रमण गरेपछि त झन थप अन्यौलताहरू बढेका छन् ।

रास्वपाका नेताद्वयको भारत भ्रमण र त्यसक्रममा उठेका प्रशंग तथा देखिएका गतिबिधिले गर्दा अर्को छिमेकी चीन सजग र सतर्क भएको देखिएको छ। अब चीनले पनि भारतलाई दिए सरहको सुबिधाको मागगर्ने भएकाले नेपाल दोहोरो तानातानमा पर्ने अवस्था सिर्जना भएको छ। जुन कुराको संकेत नेपालका परराष्ट्रमन्त्रि खनालको हालैको चीन भ्रमणकाक्रममा स्पष्ट भएको थियो। त्यसैले नेपाल र भारतबीच रहेका समस्याहरूको समाधान गरेर सन्तुलित सम्बन्ध कायम गर्ने/गराउनेबारे नेपालमा सर्बदलीय र सर्बपक्षीय छलफल हुनुपर्ने देखिएको छ। नेपाल र भारतबीचको सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र आर्थिकरूपमा अतरसम्बन्धित रहेको छ। त्यसैले दुबै देशका शासकहरूले चाहाने होभने समस्याको समाधानगर्न खासै कठीन पनि छैन । नेपाल र भारतका बीचमा मुख्यरूपले सीमा बिवाद, नक्सा सम्बन्धी विवाद, खुला सीमा र सुरक्षा तथा व्यापार तथा पारवहनका बिवादहरू रहेका छन्। पछिल्ला दिनमा सुरक्षा र सुपुर्दगी सन्धीका कुराहरू पनि उठेका छन् । सबैभन्दा चर्चित विवाद कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्ता क्षेत्रसँग सम्बन्धित छ। नेपालले उक्त क्षेत्रहरू आफ्नो भूभाग रहेको दाबी गरेको छभने भारतले ऐतिहासिक नक्शा, प्रशासनिक अभिलेख र आफ्नो व्याख्याका आधारमा फरक दाबी प्रस्तुत गरेको छ। विवादको मूलजरो सन् १८१६ को सुगौली सन्धिको व्याख्यामा रहेको पाइन्छ। त्यसैगरी सन् २०२० मा नेपालले नयाँ राजनीतिक नक्सा जारीगरी कालापानी, लिपुलेक र लिम्पियाधुरालाई आफ्नो भूभागमा समावेश गरेपछि नक्सासम्बन्धी विवाद पनि शुरुभएको हो।

उक्त नक्शा जारीगरेपछि दुवै देशबीच त्यतिबेलैबाट कूटनीतिक तनाव बढेको थियो। नेपालका प्रधानमन्त्रिले गत जेठ १७ गते संसदको बैठकमै नेपालले पनि भारतीय भूमि मिचेको बिवादास्पद अभिब्यक्ति दिएपछि बिवाद झन बढेर गएको छ। जसले एकातिर आन्तरिक बिवादको सिर्जना गरेको छभने अर्कातिर भारतले पनि नेपालका प्रधानमन्त्रिको भनाईमा आधारित रहेर नयाँ बिवादको सिर्जना गरेको देखिएको छ। त्यसैगरी नेपाल र भारतकाबीचमा खुला सीमाना रहेको छ। जसका कारण अवैध तस्करी, सीमा अतिक्रमण, अपराध नियन्त्रण, सुरक्षा व्यवस्थापनजस्ता समस्याहरूको सिर्जना भएको छ। खुला सीमा र सुरक्षासम्बन्धी विषयहरू बेलाबेलामा विवाद र चिन्ताको विषय बन्नेगरेका छन्। त्यसैगरी नेपालको ठूलो व्यापार भारतसँग हुने भएकाले पारवहन सुविधा, भन्सार प्रक्रिया, इन्धन आपूर्ति, व्यापार असन्तुलनजस्ता विषयमा पनि असन्तुष्टि देखिने गरेका छन् । नेपालका परराष्ट्रमन्त्रिले गतसाता उपरोक्त बिषयमा केन्द्रित रहेर दिल्लीमा भारतीय पक्षसँग वार्तागरेको भनेपनि खासै समस्याको समाधान हुने लक्षणहरू देखिएका छैनन् । यस्तो अवस्थामा खासगरी नियमित कूटनीतिक वार्तालाई अगाडि बढाउन सकिएको भए उपरोक्त समस्याहरूको सिर्जनानै हुने थिएन । सीमा विवादलाई भावनात्मक वा राजनीतिक मुद्धा बनाउनुभन्दा संयुक्त प्राविधिक समिति र उच्चस्तरीय वार्तामार्फत समाधान खोज्नु प्रभावकारी हुन्छ। दुवै देशले वार्ताद्वारा समाधानको प्रतिबद्धता व्यक्त गरेका छन् । तर त्यसअनुसारको प्रयासभने भैरहेको छैन । कतिपय बिवादहरूको समाधानका लागि ऐतिहासिक प्रमाणको संयुक्त अध्ययन बिधि पनि उपयोगी हुनसक्छ। पुराना नक्शा, अभिलेख, नदीको वास्तविक उद्गम, सीमा स्तम्भहरूको अवस्था आधारमा संयुक्त अनुसन्धानगर्न सकिन्छ। त्यसैगरी दुबै देशका सरकारहरूले चाहाने होभने सीमा व्यवस्थापन पनि गर्नसकिन्छ। सीमा स्तम्भहरूको मर्मत, डिजिटल नक्शांकन, संयुक्त निरीक्षण टोली, स्थानीय तहको सहभागितामार्फत साना विवादहरूलाई तत्कालै कमगर्न सकिने अवस्था छ। ठूला बिवादहरूलाई पनि अधिकार सम्पन्न समिति वा टोली परिचालन गरेर समाधान गर्न/गराउन सकिन्छ। त्यसैगरी दुई देशकाबीचमा आर्थिक सहकार्य बढाउने जुन कुराहरू छन्, त्यसलाई पनि ब्यवस्थित गराउन सकिन्छ। व्यापार, ऊर्जा, पर्यटन, जलश्रोत र पूर्वाधारमा सहकार्य बढ्दा राजनीतिक विवादहरूको प्रभाव पनि कम हुनसक्छ ।

नेपाल र भारतका लागि चाहिएको प्रमुख बिषय पनि त्यहीनै हो । त्यसैगरी जनस्तरको सम्बन्ध बलियो बनाउने उपायहरूको पनि अवलम्बनगर्न सकिन्छ। नेपाल र भारतबीच पारिवारिक सम्बन्ध, धार्मिक सम्बन्ध, सांस्कृतिक निकटता, शिक्षा तथा रोजगारी गहिरो भएकाले जनस्तरको विश्वास कायम राख्नु दीर्घकालीन समाधानका लागि महत्वपूर्ण छ। तर सत्तारुढ दल र सो पार्टीको सरकारका गतिबिधिहरू समस्या सुल्झाउनेभन्दा बल्झाउनेमा केन्द्रित भएको देखिएको छ। कुनैपनि देशमा आन्तरिक एकता प्रदर्शन गरेरमात्र विदेशीहरूसँग वार्तागर्ने प्रचलन रहेको छ। तर यसपटक रास्वपा र सो पार्टीबाट प्रधानमन्त्रि बन्नुभएका वालेन्द्र शाहले नेपालमा सडकदेखि संसदसम्म दलहरूकाबीचमा बिवादको सिर्जना गराएर छिमेकी भारतसँग छलफल शुरु गराएको देखिएको छ । सो पार्टीका सभापति लामिछाने र परराष्ट्रमन्त्रि खनालको हालैको भारत भ्रमणले उपरोक्त कुराको पुष्टि पनि गरेका छन् । खासगरी सरकारमा रहेकाहरू विदेश भ्रमणमा जानुअघि संसदलाई जानकारी दिनुपर्ने र त्यहाँबाट सुझाव लिएर जानुपर्ने प्रचलन रहेको हुन्छ। तर रास्वपा र सो पार्टीको सरकारमा रहेकाहरूले संसदीय ब्यवस्थाका मूल्य, मान्यता र आदर्शहरूलाईसमेत खासै मान्यता दिएको देखिएको छैन। रास्वपाका सभापति लामिछानेले आफ्नो दिल्ली भ्रमणपछि गत जेठ २५ गते आयोजना गर्नुभएको सर्बदलीय बैठकमा धेरै कुराहरू ब्यक्त भएका थिए। पाँचदिने भारत भ्रमण पूरागरेर स्वदेश फर्किएका सभापति लामिछानेले समसामयिक राजनीतिक अवस्था, संसदको गतिरोध र अन्य राष्ट्रिय मुद्धाहरूमा साझा सहमति खोज्न सो बैठक बोलाउनुभएको भनिएपनि परिणति त्यस्तो देखिएन। उक्त बैठकमा सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू समसामयिक विषयमा केन्द्रितभई छलफलमा जुटेको तर निष्कर्ष निकाल्न नसकेको देखिएको थियो ।

बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस लगायतका अन्य प्रतिपक्षी दलहरूलेसमेत असन्तुष्टि ब्यक्तगरेका थिए। नेपालका परराष्ट्रमन्त्रिले भारतको दिल्लीमा त्यहाँका सुरक्षा सल्लाहकार अजित डोभाललाई भेटेर आफ्नो भ्रमणको थालनीगर्नु र हाल अजित डोभालकै अध्यक्षतामा दिल्लीमै यस क्षेत्रको सुरक्षाकाबारेमा उच्चस्तरिय बैठक हुनु आफैमा गंभिर बिषय भएको छ। भारतसँग नेपालले फेरी बिभिन्न समस्याहरूको समाधानका लागि कुटनीतिक माध्यमबाटै छलफल चलाउनुपर्ने अवस्था सिर्जना भएको देखिएको छ। त्यसैले अबको अवस्थामा देशको समस्या साँच्चै समाधानगर्ने होभने संसदमा झण्डै दुईतिहाई मत ल्याएको रास्वपाले बि त नयाँ ढंगले सोच्न र गतिबिधि सञ्चालन गर्न/गराउन सक्नु पर्दछ किभने प्रधानमन्त्रि परिवर्तन गरेर नयाँ ढंगले कामको थालनी गर्नुपर्दछ। रास्वपाको चितवनमा जारी महाधिवेशनले दिल्लीमा भैरहेका सुरक्षा बैठकबारे गंभिर छलफल गरेर निष्कर्ष निकाल्न सक्नुपर्ने अवस्था सिर्जना भएको छ ।

# ‘नेपाल-भारत परस्पर कानुनी सहायता सम्झौता’ खारेजीको माग

काठमाडौं। राष्ट्रिय क्रान्तिकारी मोर्चा, नेपालले आयोजना गरेको ‘सार्वभौमिकताको रक्षा र नेपाल-भारत कानुनी सहायता सम्झौता’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले हालै नेपाल र भारतका बिच भएको ‘नेपाल-भारत कानुनी सहायता सम्झौता’ नेपालको हित विपरीत रहेकोले खारेजीको माग गरेका छन्। मोर्चाका संयोजक सन्तबहादुर नेपालीले अन्तरक्रिया विषय शीर्षकमा तयार पारेको अवधारणा पत्रमाथि धारणा राख्ने क्रममा वक्ताहरूले यस्तो बताएका हुन्। वक्ताहरूले कानुनी सहायताका लागि २०५३ मै भएको सम्झौता पर्याप्त रहेको र नेपालमाथि भारतीय हस्तक्षेपका अनेकन घटनाहरूको श्रृङ्खला रहेकोले पुनः अर्को कानुनी सहायता सम्झौता गर्दा नेपालमाथि भारतीय हस्तक्षेप अझ बढेर जाने भन्दै हालै गरिएको यो सम्झौता खारेजी गर्न माग गरेका हुन् ।

कार्यक्रममा यस्तो धारणा राख्ने वक्ताहरूमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य रामसिंह श्रीस, नेकपा (बहुमत)का महासचिव धर्मेन्द्र बास्तोला, नेकपाका अध्यक्ष लोकनारायण सुवेदी, नेकपा मार्क्सवादी-पुष्पलालका अध्यक्ष मानध्वज गुरुङ, राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्ट, नेकपा (संयुक्त)का नेता साध्यबहादुर भण्डारी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका सचिवालय सदस्य जागृत रायमाझी लगायत हुनुहुन्थ्यो। मोर्चाका अध्यक्ष सन्तबहादुर नेपालीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन मोर्चाका सचिवालय सदस्य शैलेज पौडेलले गर्नुभएको थियो। कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य हरिभक्त कडेल, प्रवक्ता हेमन्तप्रकाश ओली सुदर्शन लगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो ।



# क्रान्तिका लालबस्तीहरुमा पश्चाताप र पीडाका चाङ ?



● नारायण प्रसाद भण्डारी ●

नेपालमा सदियौं वर्ष देखि जरा गाडेर बसेको जनता पीडक जन विरोधी कानुन एबं शासन निरङ्कुश एक दलीय तथा जहानीया सामन्ती शासनको विरुद्धमा नेपाली जनताले दर्जनौं पटक हजारौं हजार वीर योद्धाहरूले जीवन समाप्त पारे। हजारौं बेपत्ता घाइते अपागं भए ।त्यसको कुनै लेखा जोखा भएन। हुदाँ हुदाँ त कुनै कुनै राष्ट्रिय स्तरका कार्यक्रममा समेत सम्पूर्ण ज्ञात अज्ञात सहीद भन्ने शब्दले समेत स्थान नपाएका घटना छन ।सहीदहरू लाई पनि वर्गीकरण गरेको देख्न सुन्न पर्दा सहीद बेपत्ता योद्धाका परिवार जनलाइ कस्तो हुन्छ होला ? ती क्रान्तिका सम्पदा आधारभूत बस्ती र दुश्मन संग लडदा लडदै वीरता प्राप्त गर्ने महान योद्धाका रगतले भिजेर लतपतिएका भूमि अर्थात क्रान्तिका रात वस्तीले के भन्छ होला ? ती रगतले लतपतिएका रत्ताम्य भूमिहरूले देश र जनताको लागि जीवन आहुती गर्ने वीर योद्धाहरूलाई अवश्य पनि सोध्छ होला ? खै हाम्रा लाल सेना भन्छ होला ?खै हाम्रा देश जनताका इमान्दार रक्षक सीपाहीहरू ? सन्तान गुमाएका महान आमा बुवाको मनमा कस्तो पीडा हुन्छ होला ?के साच्चिकै बिर्सिएकै हो ?के को लागि ती महान भूमिहरू रगिंएका हुन ?जबाफ छ चप्पल पडकाउँदै शहर पस्ने एउटै ओछ्यान एउटै थाल एउटै ताउँलीमा खाएर एउटै ब्याटलमा हास्दै हास्दै दुश्मनका बिरुद्ध धावा बोल्नेहरू सबै अहिले सम्म समान स्तरमा छन ?तल बस्ने घरबार बिहिन क्रान्तिका लागि भए भरको पारिवारीक जीवन नै समाप्त पार्नेहरू संग सबैका दुःख सुख पीडा सगैं बाडौला सगैं जीवन बिताउँला भनेर खाएका कसमको याद आउछ ?के ती सगैं हिडने आफनै बर्गिय भनेर नाता गाँस्ने हरूको अबस्था कस्तो छ ?भनेर सम्झना आउँछ ?बिगतमा ढाँट छल कपट जाल झेल बेइमानी पूर्ण बदनीयतीहरू अवसरवादका भकारी हरू लुटेरा ठगहरूका मन भित्र त परै जावस जम्का भेट भै हाले पनि सडकबाट गरेका धनुषटकांरका सम्बोधन सम्म स्वीकार्य हुदैन भने कल्पना गरौ. ती र त्यस्ता वीर योद्धाका मनमा कति चोट पर्छ होला ?उनका पनि परिवार बाल बच्चा आफनै जीवन छ होला ?बाँच्नको लागि आधारभूत आबश्यक्ताको आबश्यक पर्छ होला ? देशमा गणतन्त्र दिवश लगायतका अन्य जनता संग सरोकार का नाटकीय तामधाम अब जनताका लागि सबै काग लाइ बेल पाके जस्तो विचार दृष्टिकोण सिकाउँने ती ढाँट हरू आफै कुइराको काग जस्ता बनेका कथा कहानी वास्तबमा जनताको लागि सबै हर्ष न बिस्मात बन्दै गयो ।ती लुटेरा ढाँट हरूकै कारण वास्तविक आधारभूत बस्तीमा बिगत देश र जनताको लागि रगतको खोलो बगाउँने ती वीर योद्धाका लाल बस्तीमा औसीको मध्य रात जस्तो अन्धकार भित्र कालो बादल मडारिएको छ ।अहिले ती बस्तीहरूको वास्तविक अवस्था कस्तो देखिन्छ ?जस्ताको तस्तै ।मैदान बाट के के देखिन्छ ?

विगत ३०,३५ बर्ष अगाडी त्यहाँका आधारभूत बस्तीमा बस्नेहरू नेपालको करिब ८० प्रतिसत भूभागमा राणा कालिनको अन्धकार देखि पन्चेहरूको एक दलीय सामन्ती शासन भित्रका जिम्माल मुख्य प्रधान घाटबुढा पटवारी तराइका जमीन्दारहरूको ज्यादती एबं तथा कथित बहुदलिय प्रजातान्त्रीक नामक बि पि को नाम बेचेर ब्रम्ह्लुट गर्ने तामसीहरूको कारण अशिक्षा अन्धविस्वास विकृति बिसंगति बिभिन्न खाले अपराध हत्या हिम्सा ठगी लुट सामन्तवादी संस्कार रीति रिवाज दमनसंग निरन्तर संर्घष गर्दै आएका गरिब निमुखा असाय निसायहरू न्यायको लागि छटपटाइ रहेको समयमा एउटा अनौठो आवाज कानमा गुन्जीयो देश स्वीजरल्याण्ड बन्ने जातिय भेदभावको अन्त्य हुने गरिबहरू जस सँग आफनो भन्ने केही नहुनेहरूको लागि भू स्वामित्व प्राप्त हुने रोग भोक अशिक्षा श्रम शोसण दमन कमैया हलि चरुवा लगाएतका समस्यामा पिल्सीएका हरूले मुक्ती पाउँने सबै एकनास को समाज बैज्ञानीक समाजवाद लागु हुने ।दलित महिला हिंसा को अन्त्य हुने ।काम गरि खाने मजदुर हरूलाइ ८घण्टा श्रम ८घण्टा आराम ८ घण्टा मनोरन्जन को व्यवस्था हुने रोजगारको लागि बिदेश पलाएन हुन नपर्ने ।अहिले क्रान्तिमा सहभागी हुने हरूको शैक्षिक योग्यता जति छ ।क्रान्ति सम्पन्न हुँदाको समय सम्म जति हुनु पर्ने हो त्यहि अनुसारको शैक्षिक योग्ताका प्रमाण पत्र स्वतह दिलाइने त्यति बेला पनि ग्रामिण जनता मालपोत दोँखसरकारी राजस्व तिर्न शहर बजार जानु नपर्ने क्रान्तिको अन्तिममा सफल हुदाँ जनताले तिर्नु पर्ने करको हिसाब सबै मिनाह हुने ।समाजमा कुनै पनि धार्मिक कार्य पुराना आद्यात्मीक प्रकारका अन्त्य गर्दै प्रगतिशील भौतिकवादी ब्यबहारको अबलम्बन गरिने जस्ता थामी नसक्नु बुझी नसक्नुका सपनाले कुनै पनि उमेर समूहका मान्छे लाई अब यो भन्दा जीउँदो छदै को स्र्वग अनेत्र कहाँ खोज्ने ? भन्ने हुटहुटिले घरमा रहन बस्न दिएन ।त्यहाँका सबै खाले उमेर समूहका हरू पढदै गरेका झोला थन्किए ।जोत्दै गरेका किसानका हाल बल हलो जुवा थन्किए ।काम गरि खाने हरूका ज्यावल मा खियाँ लागे ।गाउँ घरका साँहु महाजनका तमसुकमा धमिराले गोलो लगाए बचेकुचेका हरूमा आगो लगाइए तर ती सामन्त हरूका मन मष्तिस्कबाट ऋणिहरूका नाम अन्त्य भएनन ।त्यतिबेलाका जनसरकारले गरेका मालपोत देखि सम्पूर्ण सरकारी निकायका सम्बन्धित पक्षका कामहरू अझै बल्झिएर जनताको लागि पीडादायी एबं शास्ति बनेर बिजारोपण भए।

आज त्यतिबेलाको क्रान्ति मात्र हुने खाने भ्रष्टाचारी ठग लुटेरा अबसरवादी बिगतका अपराधी भन्दा अझ अपराधी बिगतका सामन्त भन्दा अझ सामन्त लुटि खाने ठगिखाने हरूको मात्र हुदाँ जनताले अहिले के के भोग्दै छन ?

नत मरिजाने नत गरिखानेको नरकीय जीवन बिताउँन बाध्य छन ।बिगतमा क्रान्ति बिरोधीहरूले जसरी डर त्रास मा मौन भएर वास्तविक भन्दा अझ क्रान्तिकारी बनेर सवार्थ लुटेका थिए तिनी हरूबाट अपमानीत जीबन बिताउँन बाध्य छन ।गरिखानु ठाउँ छैन ।बिदेश जानु दलाल लाई खुसि पार्ने उपाय छैन जागिर खानु शैक्षिक योग्यता र उमेर केहि छैन ।ऋृण पैचो खोज्नु कसैले पताउँदैन कुनै पेशा ब्यबसाय गर्नु लगानी गर्ने बिकल्प छैन ।छोरा छोरी पढाउँनु बिद्यालयमा तिर्ने यती महगों फी को हैसियत छैन ।पुराना हला जुवा धमिराले माटो बनाए ।बिगतमा भएका पशु चौपाय हरू सबै मासिए ।आफनै घर गृहस्थमा बस्न खोज्दा आफनो भन्ने केहि छैन ।जता जाउँ राम्रो दृष्टिले हेर्ने कोही छैन ।सरकारी निकाय सगं रोइ धोइ गर्न जानु नत तिनी हरूलाई जिताइयो नत उनीहरू सगं दुख बिसाउँने ठाउँ राखियो ।नागों ढाक्ने कसरी ? अझ त्यसमा पनि बिरामी भै हाले सिटामोल किन्ने समेत को उपाए छैन ।बिगतका नेता खोजौ क्रान्तिको समयमा आफैले देखाएका सपना संग लडदा बनेका शहीद परिवार सगैं भाग खोस्न माथिकै शीर्षस्थ आउँछन ।बिगतका दुश्मन भन्नेसँग उनीहरूको मिठो सम्बन्ध छ ।जस्ले त्यो स्थानमा पुराउँन जीबन आहुति गरयो आज त्यहि बर्ग लाई दुश्मनको रूपमा हेरिन्छ ।त्यसै कारण आधारभूत क्रान्तिका लाल बस्तीहरूमा बिगतमा भए गरेका कृयाकलापको पश्चाताप र पिडा दायि जीबनका कथा कहानी को गहै भारी बोकेर बाँच्न बाध्य छन। क्रान्तिका लाल बस्तिका लाल योद्धाहरू।

अन्तमा भन्नु पर्दा यस्ता कुरा सुन्ने लाई साधारण लाग्न सक्छ तर ती वीर एबं महान योद्धाहरूकै राता बस्तिहरूमै पुगेर भौतिक रूपमा देख्ने हरूलाई पनि साधारण लाग्न सक्ला तर वास्तविक त्यस्तो नरकिय जीवन बिताउँने लाई कस्तो होला ? आफैले भोगेर आएकाहरूले आज यो हरिबिजोग लथालिगं भताभुगं नत सपना जस्तो नत बिपना जस्तो कसरी दिमागलाइ स्थिर बनाएर मानव जीवनमा हुनु पर्ने कुनै पनि आधारभूत रहर इच्छा चाहना बिना हर पेट भए जसरी बाँच्नु पर्दा बिगतका गरिएका कृयाकलापले सेटब्याक खाए पछि अहिले पश्चाताप एबं पीडाका चाङै चाङको तिखारिएका काढाँ माथि बसे सरहको जीवन बिताउँन बाध्य छन ।हवस्त धन्यवाद।

# नेपालको आकाशमाथि भारतको गिद्दे दृष्टिः नेपाल सरकारको लम्पसारवादी मौनता



● नरेन्द्रबहादुर थापा ●

दार्चुलाको हवाई सेवा क्षेत्रको भारतद्वारा गरिएको उल्लङ्घनले उब्जाएका प्रश्न, यसको समाधानका विकल्प र उपायहरू खोज्दा यो लेखको शीर्षक बन्न पुगेको छ "नेपालको आकाशमाथि भारतको गिद्धे दृष्टि : नेपाल सरकारको लम्पसारवादी मौनता।"

"राष्ट्रिय सार्वभौमिकता" भनेको केवल देशको नक्साको रूपमा कोरिने सिमाना वा एउटा माटोको थुप्रो मात्र होइन। यो भूगोलको जमिन र त्यो देशको आकाशसहित दुवैको सुरक्षाको निरपेक्ष प्रत्याभूति हो। तर, जब-जब दार्चुला, कालापानी र लिपुलेखको सीमा क्षेत्रको कुरा आउँछ, नेपाली आकाश र भूमिको अस्मितामा दक्षिण छिमेकी मुलुक भारतले बलमिच्याइँ गर्दै पूर्णरूपमा कुल्चिने गरेको तितो सत्य फेरि एकपटक उजागर भएको छ।

गत जेठ २७ गते (सन् २०२६,जुन १०)मा करिब बिहान १०.०० बजेको समयमा दार्चुलाको व्यास गाउँपालिका-१, छाङरुको आकाशमा भारतको इन्डो-टिबेटियन बोर्डर पुलिस (क्त्द्यए) का महानिर्देशक शत्रुजित सिंह कपुर सवार रहेको सैन्य हेलिकोप्टर बिनाकुनै अनुमति एक्कासी नेपाली वायुसेवा क्षेत्रको उल्लंघन गर्दै कालापानीको गुन्जी तर्फ उडिरहेको स्थानीय वासिन्दाद्वारा देखियो। त्यो दिन बिहानैदेखि मौसम सफा थियो। त्यसकारण प्राविधिकरूपमा कुनै पनि मौसमजन्य आपदकालीन परिस्थिति थिएन। यो एउटा भूलवश भएको घटना मात्र थिएन, बरु नेपालको सम्प्रभुतामाथिको सिधा र बलमिच्याइँपूर्ण कूटनीतिक परीक्षणको लागि गरिएको सुनियोजित घटना थियो। यो कुरा निम्न बुँदाहरूको व्याख्याबाट प्रष्ट हुन्छ।

***नेपाल सरकारको प्रतिक्रिया र वर्तमान अवस्था***

स्थानीय प्रशासनको कदमः छाङरूमा तैनाथ सशस्त्र प्रहरी बल (एपीएफ)को टोलीले तुरुन्त उक्त उल्लङ्घनको घटनाको निगरानी गरी जिल्ला सदरमुकाम खलङ्गा र गृह मन्त्रालयमा सूचना गरेको बताइएको छ। दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेल र सहायक प्रमुख जिल्ला अधिकारी मोहन सिंह धामीले भारतीय पक्षसँग मौखिक रूपमा गम्भीर आपत्ति जनाउँदै भारतको परौढागढस्थित जिल्ला अधिकारीसँग स्पष्टीकरण माग्ने औपचारिक प्रक्रिया अघि बढाइएको कुरा बताएका छन्।

केन्द्र सरकारको अवस्थाः घटनाको जानकारी गृहमन्त्रालय र परराष्ट्र मन्त्रालयसम्म पुगिसकेको बताइएको छ। यसअघि यस्ता घटना हुँदा कूटनीतिक नोट पठाएर विरोध जनाउने गरिन्थ्यो। अहिले पनि सरकारले आन्तरिक तथ्य संकलन गरी भारतलाई कूटनीतिक च्यानलमार्फत् त्यो ध्यानाकर्षण गराउने तयारी गरिरहेको बताइएको छ। यति गरेरमात्र यस्ता घटना दोहोरिन रोकिने छैनन्। स्थानीय सरकार र संघीय सरकारबाट यस्ता बिरोध र ध्यानाकर्षण भएकै हो, तर भारतले सुन्नेवाला छैन।

***ऐतिहासिक निरन्तरता र नयाँ दिल्लीको हेपाहा प्रवृत्ति***

अन्तर्राष्ट्रिय हवाई कानुन (International Civil Aviation Rules , Chicago Convention १९४४) र पञ्चशीलको सिद्धान्तले स्पष्टरूपमा उल्लेख छ कि एक सार्वभौम मुलुकको अनुमतिविना अर्को मुलुकको सैन्य विमान त के, नागरिक विमान समेत प्रवेश गर्न पाउँदैन। तर, भारतले नेपाललाई सधैं आफ्नो 'सुरक्षा छाता' भित्रको एउटा आश्रित भूभाग सोच्ने भ्रम पाल्दै आएको छ। यो नै उसको एउटा अक्षम्म गल्ती हो।

२०७७ सालमा नेपालले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर नयाँ राजनीतिक नक्सा जारी गरे यता भारतीय पक्षद्वारा सीमा क्षेत्रमा मनोवैज्ञानिक र सामरिक दबाब बढाउने शृङ्खला तीव्र बनाउँदै आएको छ।

आज भन्दा अघि २०७८ सालमा पनि खलङ्गास्थित नेपाली सेनाको ब्यारेक र नेपाली बस्तीमाथि भारतीय हेलिकोप्टर निरन्तर उडेका थिए। त्यतिबेला नेपालले कूटनीतिक नोट (Diplomatic Note) पठाएर विरोध जनाए पनि भारतले त्यसलाई पूर्णरूपमा उपेक्षा गर्‍यो। छाङरु र गुञ्जी क्षेत्रमा भारतीय सैन्य क्याम्पहरूको तैनाथी र नेपालीभूमि भएर बनाइएको मानसरोवर लिंक रोडको सन्दर्भमा यो हवाई घुसपैठ केवल संयोग मात्र होइन। यो त नेपाली भूमिलाई स्थायी रूपमै आफ्नै रणनीतिक सैन्य अखडा बनाउने र नेपालको कूटनीतिक प्रतिरोध क्षमतालाई न्युनीकरण गर्ने दिल्लीको संस्थागत 'दादागिरी' हो।

***काठमाडौँको लाचारी र सिंहदरबारको 'मौन कूटनीति'***

यो घटनामा जति भारत दोषी छ, त्यति नै दोषी, लाचार र गैरजिम्मेवार हाम्रो आफ्नै दलाल सरकार र राज्य संयन्त्र छ। नेपाल सरकारले भारतको बलमिचाइँ र हेपा प्रवृत्तिको विरुद्धमा प्रतिवाद गर्ने होइन कि बरु उसको चाकडी, चाप्लुसी र दलाली गर्नमा रमाउँछ। नेपालका वर्तमान बहालवाला प्रधानमन्त्री बालेन्द्र शाहले गत जेष्ठ १७ गते कालापानी, लिपुलेख, लिम्पियाधुराको बारेमा सांसदहरूले प्रश्न उठाउँदा संसदको रोस्ट्रममा उभिएर जवाफ दिने क्रममा "नेपालले पनि धेरै ठाउँमा भारतको जग्गा मिचेको छ", भन्ने अभिव्यक्ति दिनु, र बहुसंख्यक सांसदहरूले ताली बजाएर सहमति जनाउनु यसको एउटा ताजा र ज्वलन्त उदाहरण हो। प्रधानमन्त्रीले आफ्नो गलत अभिव्यक्तिलाई नसच्याउनु,लगत्तै रास्वपा सभापति भारत भ्रमण जानू ,पुराना कुरामा नअल्झिने नाममा सीमा विवादबारे कुनै कुरा नउठाउनु यसको अर्को उदाहरण हो। त्यसैले नेपाल सरकारको परराष्ट्र नीति र राष्ट्रिय सुरक्षा रणनीति यति कमजोर भइसकेको छ कि देशको सैनिक ब्यारेक र जनताको टाउकोमाथि विदेशी सैन्य विमान घुम्दा पनि हाम्रो राजनीतिक नेतृत्व केवल 'तथ्य संकलन गर्दैछौँ' भन्दै कागजी औपचारिकता र प्रशासनिक आलटालमा मात्र अल्झिने गरेको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको जेठ १७ गतेको गलत र आत्मसमर्पणवादी अभिव्यक्तिले गर्दा छिमेकी मुलुक भारतले झन् हेप्न थालेको छ। जेठ २७ गते दार्चुलाको आकाशमा सैन्य हेलिकप्टर घुमाउनु र २९ गते पश्चिम नवलपरासीको सुस्तामा रहेको नेपाली भूमिमा क्क्द्य को सैन्य टोली प्रवेश गर्नु यही अभिव्यक्तिको परिणाम हो ।अझ प्रधानमन्त्रीका भक्तजनहरू उनको अभिव्यक्तिलाई सही प्रमाणित गर्न गरेको कसरतले नेपालको परराष्ट्र नीति झन् लज्जास्पद र झन् उदाङ्गो भएको छ।

मुलुकको राष्ट्रिय सुरक्षा परिषद् (ल्बतष्यलर्बा क्भअगचष्तथ ऋयगलअष्- र परराष्ट्र मन्त्रालय यस्ता संवेदनशील विषयमा तुरुन्तै 'रेड अलर्ट' मा आउनुपर्नेमा स्थानीय प्रशासन र सशस्त्र प्रहरीको प्रतिवेदनलाई दराजमा थन्क्याएर बस्छन्।

राष्ट्रियताका चर्का नारा लगाएर सत्ताको कुर्सी चढ्ने नेताहरू विदेशी समकक्षीसामु पुग्नेबित्तिकै किन लाचार बन्छन ? प्रतिपक्षी दलहरू सत्ता ढाल्ने र बनाउने अङ्कगणितमा व्यस्त रहँदा देशको भूगोल र आकाश मिचिएको विषय संसदको प्रमुख एजेन्डा बन्न सक्दैन। सिंहदरबारको यो लाचारी र कूटनीतिक लम्पसारवादले सीमामा बस्ने स्वाभिमानी नेपाली नागरिकको आत्मसम्मानमा ठुलो ठेस पुर्‍याएको छ।

***दीर्घकालीन समाधानका विकल्पहरू***

यस्ता सीमा र हवाई क्षेत्र उल्लंघनका घटनाहरू बारम्बार दोहोरिन नदिन नेपालले अब केवल 'कागजी विरोध' मात्र गरेर पुग्दैन। नेपालले आफ्नो राष्ट्रिय हित र सार्वभौमिकताको रक्षाका लागि आफ्नो अनुकुलता अनुसार निम्न ठोस र रणनीतिक विकल्पहरूलाई आफ्नो अनुकुल बनाएर उपयोग गर्नु पर्दछ।

**१. बलियो कूटनीतिक प्रतिवाद र 'डी-मार्केसन' को मागः**

नेपालले तुरुन्तै भारतीय राजदूतलाई परराष्ट्र मन्त्रालयमा आमन्त्रण गरी बोलाएर औपचारिक विरोध पत्र बुझाउनुपर्छ र यो घटनाको उच्चस्तरीय छानबिनको माग गर्नुपर्छ। सीमा क्षेत्रको हवाई स्पेसलाई स्पष्ट रूपमा परिभाषित गर्न 'नो-फ्लाई जोन' (No–Fly Zone) वा कडा हवाई नियमनका लागि द्विपक्षीय प्राविधिक टोली गठन गरिनुपर्छ, जसले आफ्नो काम कुशलता पूर्वक सम्पन्न गरोस्।

**२. सीमा क्षेत्रमा राडर र आधुनिक निगरानी प्रविधिको जडानः**

नेपालले आफ्नो हवाई क्षेत्रको रक्षाका लागि केवल सुरक्षाकर्मीको आँखामा मात्र भर पर्नु हुँदैन। दार्चुलाको छाङरु, कालापानी क्षेत्र र अन्य संवेदनशील सिमानाहरूमा अत्याधुनिक राडर (Radar) र एन्टि-ड्रोन प्रविधि जडान गर्नुपर्छ, जसले अनुमति बिना प्रवेश गर्ने जुनसुकै विदेशी विमानलाई तुरुन्त नियन्त्रण गरेर अन्तर्राष्ट्रिय उड्डयान संस्था (ICAO)मा प्रमाणसहित उजुरी गर्न सकोस्।

**३. व्यास क्षेत्रमा राज्यको उपस्थिति र पूर्वाधार विकासः**

सीमावासी नै देशका वास्तविक पहरेदार हुन्। व्यास गाउँपालिकाका स्थानीय नागरिकले हेलिकोप्टर देख्नासाथ देखाएको आक्रोश र प्रतिवाद नै वास्तविक राष्ट्रभक्ति हो। सरकारले छाङरु र तिङ्कर क्षेत्रमा सशस्त्र प्रहरी (APF) र नेपाली सेनाको स्थायी ब्यारेक, सञ्चार सुविधा, र बाह्रै महिना सुचारु रहने सडक पूर्वाधार निर्माण गरी राज्यको भौतिक उपस्थिति बलियो बनाउनुपर्छ।

**४. अन्तर्राष्ट्रियकरण र बहुपक्षीय मञ्चको प्रयोगः**

यदि द्विपक्षीय वार्ताबाट भारतले आफ्नो मिचाहा प्रवृत्ति सुधार्दैन भने नेपालले यो विषयलाई संयुक्त राष्ट्रसङ्घ (UN) को सुरक्षा परिषद् वा अन्तर्राष्ट्रिय मञ्चहरूमा उठानगर्न हिचकिचाउनु हुँदैन। राष्ट्रिय सुरक्षाको मामिलामा 'साख (आफ्नो महत्वपूर्ण चिज) गुम्ने' डर पालेर बस्नु आत्मघाती साबित हुनेछ।

**५. राष्ट्रिय सहमति र दलगत स्वार्थभन्दा माथि राष्ट्रियताः**

परराष्ट्र नीति र राष्ट्रिय सुरक्षाको सवालमा नेपालका सबै राजनीतिक दलहरू एक ठाउँमा उभिनैपर्छ। सत्तामा हुँदा मौन रहने र प्रतिपक्षमा हुँदा सडक तताउने दोहोरो चरित्र बन्द गरी राष्ट्रिय सुरक्षा रणनीतिलाई दलीय स्वार्थभन्दा माथि राखेर कार्यान्वयन गरिनुपर्छ। त्यसो भयो भने मात्र राष्ट्रिय सहमति र दलगत स्वार्थ भन्दामाथि राष्ट्रियता रहेको ठहरिन्छ।

**६. दलाल पुजीवादी संसदीय ब्यवस्थाको खारेजी**

हाम्रो देश नेपालको सरकारले साम्राज्यवाद र विस्तारवादको दलाली गर्ने भएको कारणले गर्दा नेपाल सरकार स्वाधीन सरकार नभएर पराधीन सरकार बन्न पुगेको छ, जसले गर्दा हाम्रो मुलुक साम्राज्यवादी र बिस्तारवादीहरूको सिकार बन्न पुगेको हो। यसो हुनुमा कुनै दल विशेषको कारण मात्र होइन। यसको मूल कारण दलाल पुँजीवादी संसदीय राजनीतिक प्रणाली हो। त्यसैले यो ब्यवस्थामा स्वाधीन सरकार बन्न सक्दैन। स्वाधीन सरकारको लागि सर्व प्रथम यो राजनीतिक प्रणाली खारेज गर्नुपर्छ।

**७.बृहत् जन आन्दोलन र स्वाधीन संयुक्त सरकार**

विद्यमान राजनीतिक प्रणाली खारेज गर्न बृहत् जन आन्दोलनको आवस्यक पर्दछ। जनआन्दोलनबाट विद्यमान दलाल सरकारको विघटन, दलाल संसदीय ब्यवस्थाको खारेजी, देशभक्त, प्रगतिशील, जनवादी, वामपन्थी र क्रान्तिकारी कम्युनिस्ट पार्टी, समूह, शक्तिहरू र ब्यक्तित्वहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गरी संयुक्त मोर्चा निर्माण र त्यसबाट स्वाधीन संयुक्त सरकारको गठन गर्नु पर्दछ ।यही स्वाधीन संयुक्त सरकारले मात्र सही परराष्ट्र नीति निर्माण गर्दछ, जुन परराष्ट्र नीतिले साम्राज्यवादी र बिस्तारवादीहरूको नवउपनिवेशवादबाट मुक्त भइन्छ। तव मात्र राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाधीनताको संरक्षण गर्न सकिन्छ।

***निष्कर्ष***

नेपाल र भारतबीचको सम्बन्ध घनिष्ठ रहेको छ भनिए पनि यो सम्बन्ध संस्कृति र पारस्परिक सम्मानको जगमा टिकेको होइन कि यो संबन्ध 'मालिक र रैती' को सम्बन्ध जस्तो रहेको छ। भारत सरकारले नेपालको भौगोलिक र हवाई अखण्डताको सम्मान गर्न सकिरहेको छैन ।उसले यस्तो सम्मान गर्न सिक्नै पर्ने हो। तर उसले नेपालमा स्वाधीन सरकार गठन पछि मात्र यस्तो सम्मान गर्नेछ। नेपाल सरकारले पनि विदेशी रिझाएर कुर्सीमा टिकिरहने आत्मसमर्पणवादी चरित्र त्याग्नुपर्छ। तर विद्यमान दलाल संसदीय ब्यवस्था अन्तरगत बन्ने सरकारले उसको आत्मसमर्पणवादी चरीत्र त्याग्न सक्दैन।

दार्चुलाको आकाशमा उडेको भारतीय हेलिकोप्टर नेपाली कूटनीतिको आँखा खोल्ने एउटा चेतावनीको रूपमा प्रकट भएको छ। हाम्रो आकाश, हाम्रो गौरव हो। यसमाथिको कुनै पनि गिद्देदृष्टि हामी स्वाभिमानी नेपालीलाई कदापि स्वीकार्य हुने छैन। यसको डटेर प्रतिवाद गर्नु राज्यको पहिलो र अनिवार्य कर्तव्य हो।तर दलाल संसदवादी राज्य सत्तावाट यो कुरा संभव छैन। त्यसैले त्यसको लागि हामीले जनस्तरबाट नै माथि उल्लेखित प्रक्रियाबाट स्वाधीन संयुक्त सरकार गठन गर्नुपर्छ।अनि राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाधीनता जोगिन्छ। तव मात्र नयाँ जनवादी क्रान्तिको बाटो अघि बढ्दै जनसंबिधान निर्माण र नयाँ जनवादी गणतन्त्र हुँदै समाजवादतर्फ अघि बढ्न संभव छ।

*मिति :२०८३ असार ६ गते*

# अमेरिका-ईरान सम्झौता अस्थायी युद्ध विराम कि संकटको अन्त्य ?



● लोकनारायण सुवेदी ●

चार महिनासम्मको परस्पर बिभष युद्ध पछि अमेरिका र ईरान बीच गत बुधवार सम्पन्न १४ बूँदे शान्ति सम्झौता संकटको अन्त्य र स्थाई शान्तिको स्थापना कि अस्थाई युद्ध बिराम भन्ने प्रश्न शुरुदेखि नै खडा भएको छ। दुइ चार दिनमै ईरानलाई आत्म समर्पण गराउने डंका पिट्दै अमेरिकी ट्रम्प प्रशासनले गरेको हुँकार चकनाचुर भएको छ। भयंकर युद्ध र ठूलो जनधनको क्षति पछि भएको यो सम्झौता शुरुदेखि नै विवादास्पद बनेको छ। त्यसैले यसको अन्तर्यको गम्भीर अध्ययन, विश्व भू-राजनीति तथा मध्य-पूर्वको संकट बद्लिदो विश्व परिबेशको सन्दर्भ र परिप्रेक्षमा निश्कर्षमा पुग्नुपर्ने हुन्छ।

विश्वका गम्भीर वस्तुवादी विश्लेषकहरूले भनिरहेका छन् कि यो सम्झौतालाई संकटको अन्त्य होइन, बरु एउटा लामो र जटील कूटनीतिक प्रकृयाको आरम्भको रूपमा लिएर केलाउनु पर्ने बताइरहेका छन्। उनीहरू भन्दछन् - यसको सफलता दृढ राजनीतिक इच्छाशक्ति, विश्वसनीय सत्यापन व्यवस्था, पारस्परिक प्रतिबद्धताहरूको सही पालना र क्षेत्रीय तनावहरूको समाधान के कसरी खोजिन्छ यी सबै परस्पर जोल्ठिएका समस्यामाथि निर्भर छ। निश्चय नै अहिले अमेरिका र ईरान बीचको सम्झौताको प्रारूपले युद्धको तत्कालको खतरालाई कम गरेको छ र क्षेत्रीय स्थिरताको आशा जगाएको छ।

दुइ चार दिनमै ईरानलाई ठीक पार्ने भनेर युद्धमा होमिएको अमेरिका अहिले हारेको मनस्थितिमा पुगेर चार महिनादेखि चल्दै आएको रोक्न सहमत भएको छ। युद्ध जारी रहँदा ठूलो सैन्य टकरावले विश्वऊर्जा बजारलाई नराम्रोसँग प्रभावित पारेको थियो। हर्मुज जल डमरुमध्यको सुरक्षालाई ठूलो खतरामा पारेको थियो र त्यस पूरै क्षेत्रमा अझ भिषण संघर्षको सन्देह पैदा भएको थियो। त्यस्तो गम्भीर स्थितिमा वाशिंटन र तेहरान बीच अन्तत बातचितबाट संकटको समाधान गर्ने निश्कर्षमा पुग्नु विश्वको बदलिदो राजनीतिक परिदृष्यमा निकै महत्वपूर्ण मानिदैछ। तर यस्ता सम्झौताहरूको विगतको इतिहासले बताउँदछ कि शान्ति सम्झौतामा हस्ताक्षर गर्नु र त्यसलाई लामो समयसम्म कायम राखिराख्नु दुइ फरक फरक कुरा हुन्।

हालको यो सम्झौता कुनै व्यापक र स्थायी शान्तिका लागि भन्दा पनि एउटा राजनीतिक समझदारी बनेको जस्तो स्थिति हो, जसको उद्देश्य संघर्षलाई रोक्नु र अगाडिको वार्ताका लागि बाटो बनाउनु भन्ने देखिन्छ। यो पनि कम आक्नुहुने कुरा होइन। यसको सफलता भने केवल अमेरिका र ईरानको प्रतिबद्धताले मात्र प्राप्त हुने होइन, यसमा इज्रायलको दृष्टिकोण व्यवहार, घरेलु राजनीतिक विरोध तथा ईरानको परमाणु कार्यक्रमसँग जोडिएको विवादहरूमाथि भर पर्दछ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस सम्झौतालाई आफ्नो कूटनीतिक र सैन्य रणनीतिक सफलता भनेका छन्। उनी भनिरहेका छन् कि हर्मुज जलडमरु पुनः सुचारुरूपमा खुल्नाले विश्व ऊर्जा बजारमा विश्वासको वातावरण बन्न थालेको छ र तेल आपूर्ति तथा सामुद्रिक परिवहनलाई लिएर हुने गरेको चिन्ता पनि महिलाको भन्दा कम हुँदै गएको छ । विश्वका तेल आपूर्ति श्रंखला अवरोध हुँदा अर्थतन्त्र नराम्रोसँग खल्बलिएको स्थितिमा रहेका धेरै देशहरूले यो सम्झौता पछि स्थिति पुनः स्वाभाविक र सुचारु बन्ने अपेक्षाकासाथ यसको समर्थन गरिरहेका छन्।

यो समझौतामा अमेरिकी नीतिमा पनि परिवर्तन आएको कुरा झल्कन्छ। पहिला वाशिङ्गटनको माग हुने गर्दथ्यो कि ईरानले आफ्नो परमाणु क्षमतालाई पूर्णरूपमा समाप्त पार्नु पर्दछ। त्यसपछि मात्र अमेरिकाले लगाएका बिभिन्न प्रतिबन्धहरू हट्ने र ईरानले राहत पाउने सम्भावना हुन्छ। तर यो अहिलेको सम्झौतमा पहिला सैन्य टकराव रोक्ने र त्यसपछि परमाणु सत्यापन-प्रमाणिकरण, प्रबिन्धहरू तथा क्षेत्रीय सुरक्षा जस्ता महत्वपूर्ण मुद्दाहरूमा बातचित जारी राख्ने बाटो अपनाइएको छ। हालैको संघर्षले के पनि दर्शाइदिएको छ भने लामो समयसम्मको क्षेत्रीय युद्धले ठूलो आर्थिक र राजनीतिक मूल्य चुकाउनु पर्ने गमभीर स्थिति खडा हुने रहेछ।

अमेरिकामै पनि यो सम्झौतालाई लिएर पूर्ण सहमति र एकमत देखिँदैन। कतिपय रिपब्लिकन अमेरिकी नेताहरूले के भनेका छन् भने प्रतिबन्धमा राहत मिल्नजाँदा ईरानले आफ्नो सैन्य क्षमतालाई पुनः अझ सबल तुल्याउन सक्दछ। अर्कोतिर ईरानले पनि यो सम्झौतालाई आफ्नो बिजयको रूपमा प्रस्तुत गरिरहेको छ। तेहरान के भनिरहेको छ भने उसले अमेरिका र इज्रायलको ठूलो दबाबको सशक्त सामना गरेको छ र आफ्नो मूल रणनीतिक उद्देश्यबाट पछि हटेको पनि छैन। सम्झौतामा ईरानको परमाणु संरचनालाई तत्कालै समाप्न गर्ने कुनै प्रावधान समझौतमा राखिएको छैन र युरेनियम सम्बर्द्धनसँग सम्बन्धित मुद्दा पनि आगामी वार्ताका लागि छोडिएको छ।

अर्कोतिर ईरान भित्र अमेरिकालाई लिएर गहिरो अविश्वास पनि कायमै छ। यस अघिको २०१५ को परमाणु सम्झौताबाट अमेरिका बाहिर निस्केको कुरालाई ईरानमा आज पनि ठूलो अबिश्वासकोरूपमा लिइन्छ। त्यसै कारणले गर्दा आज तेहरान कुनै पनि भविष्यका सम्झौता र व्यवस्थामा अहिले अधिक सुनिश्चिता र मूर्तता चाहन्छ। अमेरिका र ईरानका बीचको सम्बन्धमा इतिहासको पनि गहिरो छाप परेको छ। १९७९ को ईरानी ईस्लामिक क्रान्तिपछि दुइ देशका बीचको सम्वन्ध अविश्वास, प्रतिबन्ध, परोक्ष संघर्ष र सैन्य टकरावाट प्रभाबित हुँदै आएको छ। त्यो २०१५को संयुक्त व्यापक कार्य योजना सम्झौता (जेसीपीओ)लाई ठूलो कूटनीतिको सफलता मानिएको थियो। तर २०१८ मा अमेरिकाले त्यसबाट बाहिर निस्के पछि ईरानले यूरेनियम सम्बर्द्धन बढाउन थाल्यो भने वाशिंटनले लगाएका प्रतिबन्धहरू थप कडा पार्न थाल्यो। त्यसै प्रकृयाले गर्दा दुइ देशबीच पछिल्लो भीषण युद्धको टकराव सिर्जना हुनपुगेको बिश्लेषहरू औंल्याउँदछन्।

अहिलेको पछिल्लो सम्झौताको सबैभन्दा ठूलो कमजोरी के छ भने परमाणु विवादको मूल प्रश्न अहिले पनि समाधानीन र नसुल्झिएको समस्याको रूपमा रहेको छ। उच्च स्तरमा सम्बर्द्धित यूरेनियमको भण्डार प्रमुख विवादको विषयमा सामेल छ। यस सम्बन्धमा अमेरिका यूरेनियममा सम्बर्द्धनमा ईरानी क्षमतामा कमी र कडा अन्तर्राष्ट्रिय निरीक्षणको मागन गर्ने गर्दै आएको छ। उता ईरान भने शान्तिपूर्ण परमाणु सम्बर्द्धनलाई आफ्नो सम्प्रभू अधिकारकोरूपमा लिन्छ। अमेरिका ईरानलाई परमाणु हतियार हासिल गर्नबाट रोक लगाउनु पर्ने अनिवार्य कुरा मान्छ भने ईरान आफ्नो परमाणु कार्यक्रमलाई ठूलो राष्ट्रिय गौरब र रणनीतिक स्वतन्त्रतासँग जोडेर हेर्दछ। अनि क्षेत्रीय परिस्थति पनि कम चूनौतिपूर्ण रहेको छैन। इज्रायलले त एकदमै स्पष्ट भनिसकेको छ कि उसको सुरक्षा चिन्ता केवल अमेरिका-ईरान सम्झौतमा मात्र सीमित छैन। हिज्जबुल्लाह, ईरानको बढ्दो क्षेत्रीय प्रभाव र उनको क्षेप्यास्त्र क्षमता अहिले पनि इज्रायलका लागि प्रमुखमुद्दा रहेका छन्। लेबनानमा इज्रायली सैन्य गतिविधिहरू यस सम्झौताका दायराभन्दा बाहिर छन्। अर्कोतिर हिज्जबुल्लाह र अन्य सहयोगी समूहहरूसँग ईराको सम्वन्ध पिन अहिलेको सम्झौतामा सामले गरिएको छैन। यसै कारण अमेरिका र ईरान बीच सम्वाद जारी रहँदा रहँदै पनि क्षेत्रीय तनाव पूर्णरूपले समाप्त हुने स्थिति देखिँदैन। यसका अतिरिक्त कतिपय यस्ता कारणहरूपनि रहेका छन् जसले यो पछिल्लो सम्झौतालाई बितेका दिनका प्रयासहरूले भन्दा बढी टिकाउ बनाउन सक्छन्। दुवै देशले अहिलेको सैन्य संघर्षबाट ठूलो मूल्य चुकाउनु परेको छ। आर्थिक क्षति, सैनिक खर्च र अन्तर्राष्ट्रिय बढ्दो दवावका कारणले समेत संयम बर्तिनका लागि नयाँ परिस्थिति पैदा गरिदियो। यसका साथै वार्ताकारहरूले पनि पहिला संघर्ष रोकिहाल्ने अनि कठिन मुद्दाहरूमा वार्ता गर्ने रणनीति अपनाएको पनि देखियो।

यी सबै वस्तुगत यथार्थबाट प्रष्ट हुन्छ कि यो सम्झौता संकटको कुनै अन्त्य होइन, बरु एउटा लामो र जटील कूटनीतिक प्रकृयाको आरम्भकोरूपमा यसलाई लिनुपर्ने अन्तर्राष्ट्रि बिज्ञ विश्लेषकहरूले उल्लेख गरेका छन्। यस सम्झौतको सफलता त्यसै कारण दृढ राजनीतिक इच्छाशक्ति, विश्वासयुक्त सत्यापन तथा प्रमाणिकरणको ब्यबस्था,आपसी प्रतिबद्धताहरूको सही परिपालना तथा क्षेत्रीय तनाबहरूको सही व्यवस्थापनमाथि यो भरपर्दछ। निश्चय नै यद्ध रोकिने कुराले ततकालको खतरालाई अन्त्य गरिदिएको छ र क्षेत्रीय स्थिरता कामय हुने आशाको सञ्चार पनि गरेको छ। तर स्थाई शान्तिको बाटो अझै पनि धेरै लामो छ। दुबै देशको दशकौं पुरानो अबिश्वासबाट अगाडि बढेर क साबित गर्न सक्नुपर्ने देखिन्छ भने बाताचित र सम्झौता निरन्तर टकरावको तुलनामा दुबैको राष्ट्रिय हितका लागि बढी लाभदायी हुन्छ र त्यतिबेला मात्र यो युद्ध बिराम स्थायी शन्तिमा बद्लिन सक्छ।

तर अमेरिकाले सम्झौता भंग गर्ने, त्यसबाट बाहिरिने र फेरि हमला गर्ने र जसरी पनि आफ्नो प्रभूत्व र बर्चश्व कायम गर्न युद्धको सहारा लिन उद्यत हुन्छ त्यसले नै समस्यालाई जटील र नोक्सानदायी तुल्याउने अनेक ज्वलन्त र भयावह विश्व घटनाहरू छन् तिनलाई पनि बिर्सन मिल्दैन। आफ्नो गिर्दो बिश्व साख र लामो समयदेखि नै युद्धमा नअल्झिकन नयाँ बिश्व शकितको उदयले पनि अमेरिका लगायतका पश्चिमा र पश्चिमापरस्त शक्तिहरूलाई राम्रै पाठ पढाएको आजको परिदृष्य पनि राम्रैसँग उपस्थित छ। शान्तिका लागि र मूर्खताका विरुद्ध यस्ता दबाबहरूले काम गरे भने त्यसले पनि शान्ति स्थापना गर्न र टिकाउन मद्दत गर्छ नै।

## १९१७ को....

जोड दिए। त्यो भनेको आजसम्म शोषित वर्ग सर्वहारावर्गको हातमा सत्ता थामी दिनु शोषणकारी शक्तिलाई सर्वहारामा रूपान्तरण गर्नु-सामन्तवादी, पुँजीवादी समाजलाई समाजवादमा लैजानु। जहाँ कसैले कसैलाई शोषण, दमन गर्न पाउँदैन। यस कार्यमा मार्क्सलाई फ्रान्सवाट ठूलो शिक्षा मिल्यो -उनले आफै व्यक्त गरेका छन्।

फ्रान्समा जागृतवर्गसंघर्ष, जनसंघर्ष जसले निरंकुश राजतन्त्र फ्याँकी पुँजीवादी गणतन्त्र ल्यायो। पछि १८७१ मा सर्वहारावर्गले त्यो गणतन्त्र फाली जनगणतन्त्र समाजवादी गणतन्त्र केही समयको लागि हात पाऱ्यो। जसलाई पेरिस कम्युन भनिन्छ। यसैगरी आर्थिक क्षेत्रमा भएको भिन्नता असमानताको अध्ययन बेलायतमा गरेका थिए।यसरी यो आश्चर्यजनक खोजबाट मार्क्सवादको खोल ओढेकाहरू प्रशस्त निस्के। त्यसलाई विकृति गर्न संशोधन गर्न नष्ट गर्नेको ओइरो लाग्यो तर पनि पराजित भए हुँदैछन्। यी २ पुरुष एउटा १८८३ र अर्का १८९५ मा सदको लागि विदा भए।

पछि मार्क्सवादको पहिलो प्रयोगकर्ता रुसी कम्युनिस्ट पार्टी र त्यसका नेता भि.आई.लेनिन अगाडि आए। सम्पूर्ण कार्यभार उनैको काँधमा आइपऱ्यो। १९१७ को अक्टोबर क्रान्ति जसले त्यस समाजलाई सिधै समाजवादतिर लग्यो। यात्रा गर्दा बाटोमा धेरै सैद्धान्तिक व्यवहीीरक कठिनाईहरू भोग्नुपऱ्यो। १९०३ मा भएको रुसी कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनमा भएभरको देशी विदेशी दक्षिणपन्थी संशोधनवादीहरू मार्क्सवादको मूल तत्व नष्ट गर्ने भएभरको शक्ति लगाए। तर लेनिनको दृढता अगाडि तिनको कठोर परिश्रम असफल भयो।

अधिवेशनमा लेनिनवादीहरूको विजय भयो। सैद्धान्तिक, वैचारिक संघर्षमा विजय प्राप्त गरेका २ वर्ष भित्र १९०५ मा आर.सि.पि. र समस्त जारविरोधीहरूको निर्णय अनुसार १९०५ मा सशस्त्र युद्ध थालियो। तर त्यसबेलाको शक्तिशाली शासक र उसको गठबन्धनले युद्ध हराई छाडे यो युद्ध १९०७ सम्म टिक्यो। त्यस समयमा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै अप्रिय, जनविरोधी घटनाहरू घट्दै जान लागेका थिए। विश्व एकाधिकार पुँजीवादको साम्राज्यवादी नीति र ती देशका आपसी अन्तरविरोधले गर्दा कतै सुख, चैन र शान्तिको वातावरणदेखिदैनथ्यो। विश्व बजार हड्प्ने दाउमा सबै लागि परेका थिए। तिमीहरूको आपसी हानथापले गर्दा युद्धको घोषणा भै छाड्यो। यो युद्ध १९१४ मा सुरु भै १९१८ मा समाप्त भयो। युद्ध गर्ने २ गुट एउटाको अगुवाई जर्मन अर्काको नेतृत्व यूरोपका अन्य देश बेलायत, फ्रान्स र अमेरिकाले गरेका थिए। यस युद्धमा जापान, बेलायत अमेरिकी गुटतिर संलग्न थियो। यसलाई प्रथम विश्व युद्ध भनिन्छ। आफ्नै वरिपरि ठूलाठूला युद्धहरू हुँदाहुँदै पनि रुसको क्रान्ति सम्पन्न गर्न लेनिन र उनको पार्टी पटि परेन, धैर्यता गुमाएन , बचकानापन देखिएन। उग्रता पनि प्रदर्शन गरेन, क्रान्ति विचलित भै सुदृढतापूर्वक आफ्नो आन्तरिक युद्धलाई निरन्तरता दिँदै गयो। फलस्वरूप कम्युनिस्ट पार्टी र अन्य जार विरोधी पुँजीवादी पार्टी मेनसेभिक समेतको संयुक्त संघर्षले १९१७ को फेब्रुअरीमा निरंकुश सम्राटलाई गद्दीबाट हुत्ताईदिए। पुँजीवादी र दक्षिणपन्थी संशोधनवादीहरू फेब्रुअरी क्रान्तिलाई ठूलो उपलब्धि मान्दथे, उद्देश्य पूरा भएको ठान्दथे। तर रुसी कम्युनिस्ट पार्टी र त्यसका नेता लेनिनको सर्वहारावर्गको हातमा सत्ता सौपनु नै लक्ष्य, राजनीति थियो। फेब्रुअरी क्रान्तिलाई सर्वस्व ठान्ने र त्यसलाई फालेर नयाँ व्यवस्था ल्याउने बीच संघर्ष रोकिएन। आखिरमा ८ महिना पनि पुग्न नपाउँदै सर्वहारावर्गले फेब्रुअरीको पुँजीवादी क्रान्तिको हातबाट सत्ता खोस्न सफल भयो, यही नै अक्टोबर क्रान्तिको यहाँबाटै नै रुसमा समाजवादी क्रान्तिको थालनी भएको छ। त्यसबेला नरसंहारकारी प्रथम युद्ध अन्त्य भएको थिएन। लेनिन र उनको पार्टीको मुख्य समस्या भनेको नै त्यो उपलब्धीलाई जोगाई राख्नु घुनपुतलो लाग्न नदिनु थियो। लेनिनको सुझबुझ र समझदारीले त्यस्तो केही दुर्घटना हुन पाएन। बरु युद्धमा संलग्न दुवै गुटलाई युद्ध अन्त्य गर्न शान्ति सम्झौतामा हस्ताक्षर गर्न प्रेरित गऱ्यो। युद्ध पनि टुंगियो। रुसलाई पनि आफ्नो समाजवादी कार्यक्रम पेश गर्न सजिलो भयो।

लेनिन धेरै बाँच्न पाएनन्, कतिपय कारणले गर्दा १९२४ मा उनको निधन भयो। त्यसपछि उनका निकटतम सहयोगी जेभि स्टालिनले सबै कार्यभार सम्हाले। यिनलाई रुसमा लौहपुरुष भनिन्छ। यिनले रुसमा समाजवादी किल्ला बलियो बनाए। अन्तर्राष्ट्रिय क्षेत्रमा मार्क्सवादी लेनिनवादी सिद्धान्त प्रचारप्रसार गर्न ती देशमा कम्युनिस्ट पार्टी गठनमा सक्दो सहयोग गरे। प्रेरित गरे। रुसी लाल किल्लालाई रक्षक अवस्थाबाट साम्राज्यवादी शक्तिसँग सामना गर्न सक्ने शक्तिमा देखा परे धेरै जसो क्षेत्रमा आक्रमक अवस्थामा पनि पुराउन सफल भए। एकाधिकार पुँजीवादी शक्ति अर्थात् साम्राज्यवादीले विश्व आशाको केन्द्र आफूतिर बनाई रहेको बेलामा रुसमा सफल भएको समाजवादी क्रान्तिले आशाको केन्द्र त्यसतर्फ मोडिदियो।

विश्व जनमतले साम्राज्यवादलाई घृणा गर्न थाले। समाजवादलाई हार्दिक स्वागत हुन थाल्यो। समाजवाद भनेको त राजनीति मात्र होइन रहेछ।आधारभूत कुरा आर्थिक हो छ, बुझ्न थालियो। आधारभूत वर्गको रक्षक व्यवस्था नै समाजवाद भएको रुसी र अन्तर्राष्ट्रिय जनमतले बुझे। समाजको गाडी यसरी हाँक्दाहाँक्दै एकाएक स्टालिनको १९५३ मा मृत्यु भयो। उनीपछि अति दक्षिणपन्थी संशोधनवादीहरूले राज जमाए। समाजवादको उच्च शिखरमा पुगेको रुसलाई ती धोकेबाज जस्को पहिलो नेता देखा परेको खुश्चेव थियो। पतनको दिशातर्फ लगियो। ४ दशक पनि नपुग्दै अन्तिम मार्क्सवाद, लेनिनवाद, समाजवादी व्यवस्था प्रति बेइमान ब्रेझनेभले अमेरिकी नेटो साम्राज्यवादी गुटको पाउमा आजसम्मका आश्चर्यजनक उपलब्धिलाई समर्पण गऱ्यो। रुसी क्रान्तिको सत्यानास भयो।

रुसी क्रान्ति एकै चोटी समाजवादतिर कसरी जान सक्यो। अन्य सबैदेशमा पनि सम्भव छ ? यी प्रश्न अति महत्वपूर्ण छन्। गहिरो अध्ययन, विश्लेषण, संश्लेषणको अभावमा छुटाउन सकिँदैन -ती मध्ये केही तल देखाइएको छ (१) रुस पुँजीवादमा लम्किसकेका थियो। (२) पुँजीवादविरुद्ध लड्न सर्वहारावर्गको सेना तयार भैसकेको थियो। (३) उ कुनै राष्ट्रको अधिनमा थिएन -स्वतन्त्र थियो। (४) त्यहाँ ठूलाठूला पुँजीपतिवर्गको रक्षक निरंकुश सम्राट थियो-जसको नेतृत्व वंशीय संस्था जारले गर्दथ्यो। (५) बरु त्यो देश साम्राज्यवादी कोटीमा प्रवेश गरिसकेको थियो। सर्वहारावर्गको क्रान्ति सफल हुनुमा यी सब कारण हुन्।

तर अन्य औद्योगिक क्रान्ति हुन नसकेका सामन्तवादी अर्थ व्यवस्थाले जरा गाढेका देशमा समाजवादमा जाने सर्वहारा क्रान्ति वातावरण बनिसकेको हुँदैन। जस्तो चीन-चिनी कम्युनिस्ट पार्टी र त्यसको नेतृत्व माओ-त्सेतुङको कठोर परिश्रमले समाजवादमा पुग्न सक्यो। क्रान्ति भन्दा पहिले त्यस्तो थिएन। यो विशाल जनसंख्या र क्षेत्रफल भएको देश भुरेटाकुरे सामन्ती युद्ध सरदारहरूले निरंकुश शासन चलाउँथे-कुनै ठूला कुनै साना थिए। त्यस सुनौलो बजार कब्जा गर्न औपनिवेशिक साम्राज्यवादी शक्ति आपसमा तछाड मछाड गरिरहन्थे। बेलायत, अमेरिका, जापान अग्रपंक्तिमा थिए। बेलायतले चिनी जनतालाई लठ्ठ पार्न बेहोस् बनाउन र त्यसै देशमा मनपरि गर्न १८४० मा अफिम युद्ध थालनी गऱ्यो। तिब्बतको बाटो हुँदै भारतमा उब्जाएको अफिम चीन पुराउन लागियो-यो व्यापार १९४९ जुन बेला चीन पूर्णरूपले मुक्त भयो। त्यसबेलासम्म जारिरह्यो अर्थात् १०९ वर्षसम्म। हङकङ , मकाओ पहिले नै बेलायतले सन्धि मार्फत् आफ्नो कब्जामा पारिसकेको थियो। अमेरिका पनि एउटा प्रमुख रचनाकार थिँदै थियो। पश्चिम देशमा प्रशिक्षित निर्देशित चिनी युवा चीनमा पुँजीवादी गणतन्त्र प्राप्त गर्न कम्मर कसे। संघर्ष गरेर समस्त भुरेटाकुरे राज्यलाई परास्त गरी चीनलाई गणतन्त्रात्मक मुलुक घोषित गरे। ती मध्येका अलि उद्धार प्रजातान्त्रिक विचार भएका डा. सनयात सेन प्रथम राष्ट्रपति बने। यो घटना १९११ को हो। यत्तिकैमा १९२१ मा चिनी कम्युनिस्ट पार्टीको जन्म भयो। लगत्तै १९२४ मा त्यसले सामन्तवाद र साम्राज्यवादको विराधी सशस्त्र आक्रमण गऱ्यो। देशी विदेशी विरोधीहरूको गठबन्धनले त्यसलाई परास्त गरी छाडे।

१९२७ देखि १९३६ सम्म पार्टीले शक्ति संचय गर्ने आधार इलाका निर्माण गर्ने तिर मात्र लाग्यो। त्यसबेला समस्त पार्टी र यसको नेतृत्व माओत्सेतुङलाई आत्मविश्वास हुन गयो र जापान विरोधी युद्ध सुरु गर्ने निर्णय गरियो। यो युद्ध लगातार ९ वर्ष -१९४५ सम्म चल्दै रह्यो। आखिरमा चिनी सर्वहारावर्गको नेतृत्व गरिव किसान सम्पूर्ण शोषित पीडित जनताको संयुक्त परिश्रमले त्यसलाई हार्नु पऱ्यो। अपमानित भएर आफ्नै देशमा फर्किन पऱ्यो। चिनी जनताको स ंघर्षलाई टेवा मिल्नुको कारण रुसी समाजवादी सरकारको ठूलो सहयोग दोस्रो विश्वयुद्धमा साम्राज्यवादी सरकारको बीचमा शान्ति सम्झौता हुनु पनि थियो। जसको मध्यस्थता, प्रमुख भूमिका स्टालिनले निर्वाह गरेका थिए।

विश्वयुद्धमा चिताएनुकुल हुन नसके पनि केही कमजोरी महशुस भए पनि जापान लगायत दुवै युद्धमा संलग्न गुट रुस र चीनको शक्ति बढेको पनि देख्न चाहँदैनथे। त्यसैले चीनलाई स्वतन्त्र मुक्त भएर बस्न दिएनन्। कोमिनताङ पार्टीका उदार नेता जसको झुकाव रुसी कम्युनिस्ट पार्टी र चिनी पार्टी ज नताप्रति थियो उनीपछि उनकै पार्टीको नेता चेङकाइसकेकले नेतृत्व गरेको थियो, उसलाई र सबै प्रतिक्रियावादीलाई बेलायत अमेरिकी गुटले चीनमा गृहयुद्ध गर्न उकास्स्यो, उचाल्यो परिणाम चार वर्षसम्म युद्ध लम्बियो। सिपिसि र देशभक्त जनतासँग टक्कर लिन सकेन चीनकै भूमि एउटा सानो टापुमा भागेर गैबसेको छ। त्यो टापुलाई ताइवान भनिन्छ। च्याङकाइसेकका भित्र साम्राज्यवादी शक्तिहरूले हर तरहको सहयोग गरेर पालेर राखेका छन्। चीन विरुद्ध लड्ने आधार इलाका बनाएका छन्। यसरी १९४९ मा चीन पूर्ण रूपले मुक्त भयो। जसरी अक्टोबर क्रान्तिपछि रुसमा समाजवादी गणतन्त्र स्थापित हुन सक्यो, चीनको स्थितिले गर्दा (जस्तो माथि उल्लेख गरिसकिएको छ।) असमर्थ भयो। त्यहाँ त जनगणतन्त्र मात्र सम्भव भयो। किनकि रुसमा समाजवादी जनवाद कायम हुन सक्यो, त्यहाँ उद्योग कृषि व्यापारबाट निजी लगानी राज्यले छिन्न सक्यो।

जनताको हित निम्ति प्रयोग गर्ने वातावरण सिर्जना गऱ्यो। गास, बास, कपास, रोजगारी, शिक्षा, स्वास्थ्य, यातायात जनउपयोगी बनाउन कुनै कठिनाई परेन, सबै सर्वसुलभ गराउन निजी सम्पत्ति मात्र बाधक भएको प्रमाणित गरियो। अर्कोतिर चीनमा आर्थिक पछौटेपन थियो। सामन्तवाद नोकरशाही पुँजीवाद र दलाल पुँजीवादको ठूलो पकड थियो। सबै क्षेत्रमा राज्यको भूमिका त्यति सक्रिय हुन सक्दैन थियो। राष्ट्रिय पुँजीको उपयोग गर्नुपर्ने आवश्यकता देखियो। यी सबै उद्योगी पुँजीपतिलाई नियम कानुन अन्तर्गत रही आफ्नो कारोबार संचालन गर्ने सुविधा दिइयो। किनकि देशलाई आफ्नै पुँजीको खाँचो थियो। अन्य शक्तिको भरपर्दा राष्ट्रिय स्वाधिनता स्वतन्त्रतामाथि हानिकारक भएको देखिएकै छ। बहुसंख्यक जनताको हित अति अल्पसंख्यकबाट माथि नियन्त्रण गर्न सकेका मात्र सुस्तसुस्त समाजवाद प्राप्त हुन सके नीति कम्युनिस्ट पार्टीले पहिले नै निर्धारण गरिसकेको थियो। पुँजीवादी जनवाद पुँजीवादी गणतन्त्रले भिन्नता, बेरोजगारी, गरिबी एकातिर ऐस आराम, मनपरी , धनको थुप्रो राज्यका सबै अंगमा नियन्त्रण राख्न सक्ने शक्ति, समाज, संस्कृति, विचार, दर्शन धर्मको आडमा शोषण, दमन गर्नमा कुनै बाधा अवरोध हुन नसक्ने अवस्था अर्कोतिर भएको थाहा भयो।

त्यसैले ती सबै स्थितिको मूल्यांकन गरेर त्यसबेलाको चीनमा एकैचोटी समाजवादमा पुग्न नसकिने नयाँ जनवाद हुँदै मात्र सम्भव हुने चिनी कम्युनिस्ट पार्टी त्यसमा नेता माओ-त्सेतुङद्वारा निर्णय गरियो। यसरी नै चीनले समाजवाद प्राप्त गरेको हो। पुँजीवादी गणतन्त्र पछि समाजवादी गणतन्त्र पुँजीवादी देशमा पुँजीवादी गणतन्त्रपछि जनगणतन्त्र नयाँ जनवाद त्यसपछि मात्र समाजवादी गणतन्त्रका अविकसित देशमा विधिको फरक भनेको नै यही हो।

# सुकुम्वासी र अव्यवस्थित बसोबासीमाथि राज्यको दमननीति र न्यायपूर्ण निकास

*(२०८३ जेठ २७ गते क्रान्तिकारी किसान महासङ्घ नेपाल ,अखिल नेपाल किसान महासङ्घ (अफ्फा) र अखिल नेपाल प्रगतिशील किसान संघद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र)*



● सीताराम तामाङ ●

उपस्थित आमन्त्रित विभिन्न राजनीतिक दलका नेतागण, विषय विशेषज्ञ वक्ता मित्र तथा सबै आन्दोलनकारी साथीहरू अभिवादन ,

आज २०८३ जेठ २७ गते विभिन्न कम्युनिस्ट पार्टीनिकट तीन किसान सङ्गठनको आयोजनामा बालेन सरकारद्वारा “सुकुम्वासी तथा अव्यवस्थित बसोबासीमाथि गरिएको घोर अमानवीय दमनको विरुद्ध सही निकासको खोजीका लागि अन्तर्क्रिया कार्यक्रमा प्रस्तुत यो छोटो अवधारणा प्रस्तुत गर्न गइरहेको छु ।

*१. सुकुम्वासीको मुद्दा किन उठ्यो ?*

यो मुद्दा कुनै नयाँ मुद्दा होइन । एक थरीका नेपाली नागरिकले युगौँदेखि भोग्दै आएको समस्याको यो निरन्तरता हो तर हठात् आज किन यति चर्को रूपमा किन खडा भएको छ ? किनभने सुसाशनको झुटो नारा दिएर बनेको रास्वपाको बालेन सरकारले आफ्नो साम्राज्यवादपरस्त सामन्त र दलाल पुँजीपति वर्गको स्वार्थअनुकूल गत वैशाख १२ गतेदेखि काठमाडौँ उपत्यकाभित्रका भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोबासीका घरटहरा भत्काउन र वर्षौंदेखि बसिआएका नागरिकमाथि सेना, सशस्त्र, प्रहरी र नगर प्रहरीसमेतको ठुलो दमनकारी शक्ति उपस्थित गराएर घरटहरामाथि डोजर लगाई राज्यआतङ्कको फासिवादी क्रुरता प्रदर्शन गरेकाले अहिले सुकुम्वासी समस्या चर्केको छ । विनाकुनै तथ्य, विनाछानविन, विनापर्याप्त पूर्वसूचना उपत्यकाका नदीकिनारमा तीन/चार पुस्तादेखि बस्दै आएका सबै सुकुम्वासी नागरिकलाई ‘हुकुम्बासी’ को हचुवा आरोपमा उठिबास गरिएको छ । यो दमन समस्यको कुनै समाधान बिल्कुलै होइन । रोगको पहिचान र सही उपचारको सट्टा रोगीलाई मार्ने किसिमको दमनकारी कदम सुशासनको नारा दिने वर्तमान सरकारले चलाएको छ र यो समस्यालाई अझ सङ्कटग्रस्त तुल्याएको छ ।

यति बेला डोजर आतङ्कबाट हजारौँ सुकुम्वासीका घरटहरा मात्रै भत्किएनन् कि ती बस्तीका नागरिकले आफ्ना दैनिक उपभोगका सरसामानसमेत सम्हाल्ने मौका पाएनन् । वृद्धवृद्धा बालबच्चा, बिरामी, सुत्केरी महिला विचल्लीमा परे । केटाकेटीका पढाइलेखाइ छुट्यो र मुख्यतः बास र रोजगार टुट्यो । कठमाडौँबाहिर समेत कोहलपुर (बाँके), पथलैया (बारा), जनकपुर, झापा, चित्तवनलगायत विभिन्न ठाउँमा डोजर आतङ्क चलाइएको छ, जसको कारण त्यहाँका हजारौँ सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको बिल्लीबाठ भएको छ ।

सर्वोच्च अदालतको ‘स्टे अर्डर’ को कारण तत्काल डोजर आतङ्क रोकिएको छ र यो आतङ्कको विरोधमा संयुक्त राष्ट्र सङ्घ, एमनेस्टी इन्टरनेसनल, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज, राजनीतिक पार्टी, सञ्चार जगत् र पीडित नागरिकले एक स्वरले यो ‘अमानवीय घोर अत्याचार’ को आरोप दर्ज गरेका छन् र यसलाई अविलम्ब रोक्न माग गरेका छन् । संसद्मा पनि यसको चर्को विरोध भएको छ तर यो साम्राज्यवादपरस्त सामन्त र दलाल पुँजीवादी सरकारको निहत्था जनतामाथिको दमन रोकिने देखिएको छैन बरु एक वा अर्को रूपमा फासिवादी दमनकारी मार्गमा निरन्तर लागेको देखिन्छ । यसको विरुद्ध सुकुम्वासी देशैभरि आन्दोलनरत छन् । यो पीडित जनताको न्यायपूर्ण आन्दोलनलाई राष्ट्रिय स्तरमा उठाउनु आवश्यक छ अनि यसको सही किसिमले न्यायपूर्ण हल के हुन सक्छ भन्ने विषयमा पनि अत्यन्तै गम्भीर र विवेकशील बनेर बहस गरिनु र समाधानको सही निष्कर्षमा पुग्नु अत्यावश्यक भएको छ । यसै उद्देश्यले किसान आन्दोलनकारी तथा सुकुम्वासी आन्दोलनकर्मी तथा प्रबुद्ध नागरिक र राजनीतिक पार्टी नेताका बिच यो अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको हो । यो हाम्रो उद्देश्यलाई मदत पुग्ने समस्याको सही समाधानका लागि निकास निस्कने आधार तयार हुने विश्वास लिइएको छ ।

**तालिका नं. १**

**सन् १९५० भन्दा अगाडिको भूस्वामित्वको स्वरूप**

| भूस्वामित्व स्वरूप | क्षेत्रफल (हे.) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|
| रैकर | ९,९३,५०० | ५०.० |
| बिर्ता | ७,००,०५० | ३६.३ |
| गुठी | ४०,००० | २.० |
| किपट | ७७,०९० | ४.० |
| राज्य, जागिर, रकम आदि | १,४६,३३० | ७.७ |
| जम्मा | १९,२७,००० | १०० |

स्रोत जमान (१९७३ : ७)

*२) को हुन् सुकुम्वासी ?*

झट्ट हेर्दा घरबारविहीन, भूमिहीन, रोजगारी नपाएका र श्रम गरी खान भनेर सहर पसेर खोलाकिनारका ऐलानी जग्गामा टहरा खडा गरी बस्न बाध्य भएका मानिसलाई सुकुम्वासी भन्न सकिन्छ तर यो कुरा अंश मात्र हो, समग्र होइन। नेपाल सरकारको भूमिसम्बन्धी ऐन-२०२१ को (आठौँ संशोधन, २०७६ माघ २८) अनुसार “भूमिहीन सुकुम्वासी” भनेको “नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गाजमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनुपर्दछ । सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ” साथै सो ऐनले ‘अव्यवस्थित बसोबासी’ को पनि परिभाषा गरेको छ, जसअनुसार “सरकारी ऐलानी, पर्ती, वा सरकारी अभिलेखमा वन जनिएको भएता पनि लामो समयदेखि आवादकमोद गरी घरटहरा बनाई बसोबास गरेका (सरकारी दस्तुर तिरेका) व्यक्तिलाई सम्झनुपर्दछ । सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ” । नेपालको संविधानले (२०७२) भूमिहीन दलित र आवासविहीन दलितलाई पनि सुकुम्वासी मानेको देखिन्छ ।

उक्त तीनै प्रकारका सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई सरकारले सोही स्थानमा वा सरकारले तोकेको स्थानमा जमिन उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्थासमेत गरेको छ । संविधानको मौलिक हक र कर्तव्य (२०७२, धारा १६, ३६ र ४०) अनुसार प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने, खाद्य सम्प्रभुताको हक हुने र उपयुक्त आवासको हक हुने सुनिश्चितता गरेको छ भने भूमिहीन दलितलाई राज्यले एकपटक जमिन दिनैपर्ने भनिएको छ ।

संविधानकै निर्देशक सिद्धान्त, नीति र दायित्वमा (धारा ५१ च ६) लेखिएको छ- “मुक्तकमैया, कमलरी, हरूवा, चरवा, हलिया, भूमिहीन, सुकुम्वासीलाई घरटहरा तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने” तर देशको संविधान, कानुन, मानवअधिकार आयोग र नागरिक समाजको नीति, नियम र आवाजलाई बेवास्ता गर्दै ठाडै कुल्चदै सरकारले सुकुम्वासी बस्तीमा डोजर आतङ्क मच्चाएको छ । त्यसको शिकार काठमाडौँ उपत्यकामा तीन लाखजति र उपत्यकाबाहिर १२ लाखजति नागरिक भएको र हुने देखिन्छ । यो सङ्ख्या सुकुम्वासीको थोरै हो । नेपालमा (२०७८) भूमिहीन ३.२ प्रतिशत, गरिबीको रेखामुनि २०.० प्रतिशत र ०.५ हे. भन्दा कम जमिन हुने ५५.० प्रतिशत (सीमान्त किसानसमेत) लाई जोड्दा (भूमिहीन, सुकुम्वासी, अव्यवस्थित बसोबासी र सीमान्त किसान) सङ्ख्या धेरै ठुलो देखिन्छ । यी सबैलाई डोजर लगाउने दिन कस्तो होला? के डोजर हल सम्भव छ ?




*३) के हो सुकुम्वासी समस्या ?*

नेपालमा भूमिहीन, सुकुम्वासी, मोही, हरूवा, चरुवा, हलिया, कमलरी, मुक्तकमैया, दलित भूमिहीन, सीमान्त किसान, अव्यवस्थित बसोबासी आदि कहाँबाट आए ?

के यिनीहरू पहिलेदेखि नै थिए ? यसको स्रोत के हो ? यसको स्रोत भनेको मुख्यतः अठाह्रौँ शताब्दीको उत्तरार्द्धमा पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानबाट एक केन्द्रीय सामन्ती हिन्दु अधिराज्यको स्थापना हो । नयाँ शासक वर्गले नयाँ जोडिएका विशाल भूभागको स्वामित्व ‘भूपति’ को नाममा राजा/राज्यको अधीन बनायो । सैनिक शासन थियो, “राजाको हुकुम बाउको दुहाइ” । पूर्वी पहाडको आदिवासी जनजातिको सामुदायिक (किपट) भूक्षेत्रलाई छोडी बाँकी सम्पूर्ण भूमिलाई ‘रैकर’ राज्य-जमिन्दारी (ल्यान्डलोर्डिज्म) प्रथामा ढालियो ।

यसबाट आदिवासी जनजातिलगायत खस र दलित समुदाय रैती (जोत्ने, प्रजा, भूमिहीन) हुन पुगे । यो प्रथाअन्तर्गत रैतीले (वास्तविक जोताहा) भोगचलन गरेको जग्गा पुस्ता हस्तान्तरण हुन सक्ने तर बेच्न नपाउने गरियो । उनीहरूलाई तोकिएको अतिरिक्त उत्पादन सिधै राज्यकोषमा, बिर्तावालकोमा र गुठीमा बुझाउनुपर्ने हुन्थ्यो ।

राणाकालमा कानुन बनाएर नै ‘रैकर’ भनिएको विशाल जग्गालाई शासक वर्गका सदस्यका बिच ‘बिर्ता, गुठी, जागिर, रजौटा, खुँवा, जिरायत, उखडा’ आदिको रूपमा वितरण गरियो । यो राज्य जमिन्दारी कायम गरिएबाट राजा, राणा, प्रशासक, सैनिक प्रमुख, पुरोहित आदिको नाममा खेतीयोग्य जमिनको ठुलो हिस्सा थोरै नयाँ सामन्ती परिवारका हातमा केन्द्रित गरियो भने साधारण जनता, पराजित जनजाति र दलित गरिबीमा धकेलिए तालिका नं. १) । यसको परिणाम सन् १९५४ देखि सन् १९५० मा राज्यको प्रशासनको उच्च तहमा केही जाति जनजाति, मधेसी (हिन्दु उच्च जात बाहेक) र दलित पुग्न सकेनन् (तालिका नं. २) ।

२००८ सालदेखि २०१३ सालसम्म कम्युनिस्ट पार्टीको नेतृत्वमा किसान सङ्घर्ष भयो । यसले सामन्तवादको जग हल्लाउने काम गरेको थियो तर पार्टी किसान आन्दोलनप्रति उदासिन बनेको कारण आन्दोलन अघि बढेन तर पनि त्यसको पराकम्पको कारण २०१६ सालमा कङ्ग्रेसको सरकारले बिर्ता उन्मूलन र २०२१ मा राजाले भूमि ऐन ल्याउन बाध्य भए । राजाको भूमिसुधारले सामन्ती भूमिलाई केही हदसम्म खण्डित गऱ्यो र जमिन ससाना टुक्रामा परिणत भयो । त्यसको कारण अहिले (२०७८ साल) ०.५ हे. भन्दा कम जमिन जोत्नेको सङ्ख्या ६३.५ प्रतिशत रहेको छ । यसमा भूमिहीन, सुकुम्वासी, भूमिहीन दलित र सीमान्त किसान पर्दछन् । यिनलाई मुस्किलले ६ महिना आफ्नो उत्पादनले गुजारा चल्छ । यिनीहरूमध्ये केही श्रम गर्न साउदी अरब, भारत आदि मुलुक जान्छन र जो जाने अवस्थामा हँदैनन् । गाउँदेहात र सहरमा सुकुम्वासी, भूमिहीन दलित, कमलरी, मुक्तकमैया, हलिया, अव्यवस्थित बसोबासीको रूपमा जीविका चलाउन बाध्य छन् । तसर्थ आज हामी, जसलाई भूमिहीन, सीमान्त, गरिब किसान, सुकुम्वासी र अव्यवस्थित बसोबासी भन्दछौँ, उनीहरू सामन्तवादी उत्पादन सम्बन्धको ऐतिहासिक विरासत हुन् । तिनको मुद्दा हल गर्ने भनेर पञ्चायतले बहुदलीय र गणतन्त्रका सरकारले उनीहरूलाई भोट बैङ्क बनाए । अहिले बालेन सरकारले तिनका पुराना भोट बैङ्कलाई भत्काइदिए तर भयो एक विशेष थरीका नागरिकको विचल्ली । अहिले पनि गुठीले गालिएका मोहीहरू, पहाडमा पहिरो र कटानबाट विस्थापित नागरिकहरू, पुख्र्यौली पेसाबाट विस्थापित (दलित, कुमाल, माझी-बोटे), वर्षौँदेखि बसोबास गर्दै आएको जग्गा नापजाँच नगरिएको, सरकारी र अन्य शैक्षिक संस्थाको नाममा दर्ता गरिदिएको, मिटरब्याजी (वित्तीय हिंसा वा व्यक्ति) बाट पीडित भएकाले आदि कारणले पनि सुकुम्वासी तथा अव्यवस्थित बसोबासी भएका छन् ।

*४) यो मुद्दा कसरी हल गर्न सकिन्छ ?*

नेपालमा हरेक वर्ष ४-५ लाख युवा श्रमबजारका लागि तयार हुने गरेको सरकारी तथ्याङ्क छ । यसमा ठुलो सङ्ख्या भूमिहीन र सीमान्त किसान (०.५ हे. सम्म जोत्ने) बाट आउँछन् । हामीले १.० हे. भन्दा कम जमिन जोत्नेको सङ्ख्या हेर्‍यौँ भने ८७.० प्रतिशत हुन आउँछ, जो निर्वाहमुखी खेतीसँग जोडिएका छन् । यो समस्या शाह, राणा, पञ्चायत हुँदै यहाँसम्म आएको प्रतिक्रियावादी व्यवस्थाको उपज हो । यो घट्ने होइन्, बढ्ने क्रममा रहेको छ । बालेनको डोजर आतङ्कले यसको हल हुनेवाला छैन । सरकारले डोजर चलाएको दुई महिना बितिसक्दा पनि विकल्पको कुनै व्यवस्था गर्न सकेन । केही सुकुम्वासी परिवारलाई होल्डिङ सेन्टरमा राखेर बन्दीजस्तो बनाइएको छ, अलपत्र पारिएको छ । कहिलेसम्ममा विकल्प होला ? कुनै सुनिश्चितता छैन । सनकको भरमा बहसविना पूर्वयोजना सुकुम्वासी बस्तीमा डोजर चलाएर भूमिहीन, सुकुम्वासी, गरिब तथा अव्यवस्थित बसोबासी नागरिकलाई राज्यको शत्रुको रूपमा व्यवहार गरिएको छ ।

**तालिका नं. २**

**राष्ट्रियस्तरका प्रशासकको जातीय तथा क्षेत्रीय आधारमा विभाजन**

| जातजाति क्षेत्र | सन् १८५४ | | सन् १९५० | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहाड र तराईका बाहुन | ३१ | ४०.३ | १९ | ३८.० |
| पहाडी क्षेत्री र राजपुत | २२ | २८.६ | ५ | १०.० |
| नेवार | २२ | २८.६ | २६ | ५२.० |
| पहाडी जनजातिहरू | – | – | – | – |
| तराई जनजातिहरू | – | – | – | – |
| दलित | – | – | – | – |
| तराई (पहाड + तराई) | – | – | – | – |
| तराईका अन्य हिन्दु (बाहुन र राजपुतलाई छोडेर) | २ | २.६ | – | – |
| मुसलमान | – | – | – | – |
| जम्मा | ७७ | १०० | ५० | १०० |

स्रोत गेल (१९७५ : १६६)

क) यो सामन्तवादी व्यवस्थाको उपज हो, अहिले अरू झ्याङ्गिँदै आएको अवस्था छ । तसर्थ यसको दीर्घकालीन हल भनेको ‘क्रान्तिकारी भूमिसुधार’ नै हो । यसको जोतअनुसारको पोत कायम गरी सहकारी (उत्पादन) मार्फत जमिनलाई चक्लाबन्दी गरी कृषिक्षेत्रलाई व्यावसायीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरणतर्फ लैजाने नीति बनाउन सक्नुपर्दछ । देशमा उद्योगधन्दा, बन्दव्यापार र सेवाको क्षेत्र विकास र विस्तार गरी कृषिक्षेत्रमा खपत हुन नसकेका नागरिकलाई (दक्ष बनाई) व्यापक रोजगारी दिन सक्नुपर्दछ । यो काम नयाँ जनवादी क्रान्तिले मात्र पूरा गर्न सक्नेछ ।

ख) बालेन सरकारको डोजर आतङ्क सिर्जना गरेर सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई हटाएको छ । यसको तत्काल हल के हुन सक्छ ? संविधानले हरेक नागरिकलाई आवासको हक दिएको छ, कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई वासस्थानबाट हटाउन वा अतिक्रमण नगर्ने भनेको छ । त्यसरी नै राज्यले एकपटक भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, आवासविहीन दलितलाई आवास दिने भनेको छ । भूमि ऐनको (आठौँ संशोधन) भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई जग्गा दिने व्यवस्था गरेको छ । यसका लागि भूमि आयोग खडा गरियो तर यसले पार्टीका कार्यकर्ता भर्ती गर्ने काम गऱ्यो, सुकुम्वासीको काम गरेन ।

भूमि ऐन र नियमले महानगर, उपमहानगर र नगरपालिकाको सहरी क्षेत्रमा एक परिवारलाई ४ आना (१३० वर्गमिटर क्षेत्रफल) जग्गा दिने र नगरपालिकाको ग्रामीण क्षेत्र र गाउँपालिकामा एक परिवारलाई ३४० वर्गमिटर जग्गा दिने भनेको छ । यसबाहेक कृषिका लागि जमिन पनि तोकिएको छ । स्थानीय तहले भूमिहीन सुकुम्वासी, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत लिने व्यवस्था छ तर न लगत लिइएको छ, न त लालपुर्जा नै बाँडिएको छ । यसकारण सरकारले अविलम्ब वैकल्पिक व्यवस्था गरी सुकुम्वासी, भूमिहीन दलित, मुक्त कमैया, हरूवा, चरवा आदिलाई ठेगाना लगाउनुपर्दछ । विस्थापित सुकुम्वासी तथा अव्यवस्थित बसोबासीले वैकल्पिक व्यवस्था सरकारलाई गर्न समय तोकेका छन्, सो समयभित्र व्यवस्था नभए डोजर लगाएर उठीवास गरिएको बस्तीमा फर्कने चेतावनी दिएका छन्, जो स्वाभाविक छ ।


*५) उपसंहार*

क) साम्राज्यवाद र विस्तारवादपरस्त सामन्त र दलाल पुँजीपति वर्गको सत्ता भएकाले यसले २००७ सालदेखि हालसम्मका विभिन्न प्रकृतिका व्यवस्था र शासकले अहिलेसम्म किसान वर्गका आधारभूत समस्या हल गर्न सकेनन् । त्यसको बदला उनीहरूले किसान, मजदुर र सुकुम्वासीलाई भोट बैङ्क बनाएर उनीहरूमाथि नै अमानवीय शासन लाद्दै आए र समस्यालाई झन चर्काउने काम गरे ।

ख) वर्तमान सरकार किसान, मजदुर र सुकुम्वासी वर्गप्रति कति अनुदान र पूर्वाग्रही छ भन्ने कुरा यो सरकारले ल्याएको वर्तमान नीति तथा कार्यक्रम र बजेट भाषणले नै स्पष्ट पारेको छ । यो सरकारले दलाल पुँजीपति वर्गको हित र फाइदाको निम्ति बजेट ल्याइएको छ तर किसान, मजदुर, सुकुम्वासी र तमाम उत्पीडित र निम्न वर्गको विरुद्धमा ल्याएको छ । राज्यले बनाएको संविधन, कानुन र मानव अधिकारको पालना नगर्ने यो बालेन सरकारले गरेको डोजर आतङ्कको हल गर्ने कुनै सुनिश्चितता छैन । आज सुकुम्वासी तथा अव्यवस्थित बसोबासी देशैभरि सङ्घर्षमा उत्रिएको अवस्था छ । यो जायज मागको पक्षमा राजनीतिक पार्टी, नागरिक समाज, प्रबुद्ध वर्गसमेत आवाज उठाइरहेका छन् ।

बालेन सरकारको यो फासिवादी बर्बरता विरुद्ध सुकुम्वासीको साथमा किसान, मजदुर, युवा, विद्यार्थी आदि सबैको संयुक्त आन्दोलन उठ्न जरुरी छ । यो फासिवादले विगतका जनआन्दोलन र जनयुद्धबाट प्राप्त अधिकारलाई खोस्ने हर्कत गर्दैछ । विध्वंश र वितण्डाको पर्याय बनेको यो फासिवादी सरकारलाई लगाम लगाउन हामी सबैले सुकुम्वासी आन्दोलनप्रति ऐक्यबद्धता गर्नु अनिवार्य भएको ४ किसान सङ्गठनको निष्कर्ष भएकाले यो अन्तर्क्रिया कार्यक्रम गरिएको हो । तपाईंहरूको सुझाव र सहयोगले आन्दोलन अझ बलियो हुने अपेक्षा छ ।

# धर्मान्धताबारे



● मोदनाथ मरहट्टा ●

*आमा सधैं भन्नुहुन्थ्यो, 'अहिलेको जमाना राम्रो छैन, छोरी । कसैलाई सजिलै विश्वास नगर । गलत बाटोमा नलाग । कुलतबाट टाढा बस ।' त्यो बेला म अलि रिसाउथें । तर अहिले बुझ्छु–उहाँले त्यो कुरा डरले होइन, मायाले भन्नुभएको रहेछ । उहाँ चाहनुहुन्थ्यो म सुरक्षित रहूँ, सफल बनूँ र जीवनमा सही बाटो समात्न सकूँ ।*

मानव सभ्यताको इतिहास खोज्दै जाँदा पौराणिककालिन वा वैदिककालिन समाजसम्म अध्ययनको क्षेत्र बनेको छ । कविलाकालिन समाजबारे धर्मलाई त्यस कालमा सामाजिक सभ्यताको रूपमा बुझिएको हो । धर्म वा धार्मिक परम्परा कायम राख्न विचार दर्शनले खास काम गरेको छ । ईश्वरीय सत्ताको अस्तित्व र ईश्वरीय देन माथी विश्वास दिलाउने काम आध्यात्मिक दर्शन वा चिन्तनले गर्‍यो र त्यसलाई स्थापित गराउन शासकवर्गको मुख्य भूमिका रह्यो । जबजब मानिसमा ज्ञान चेतनाको विकास हुँदै आयो विज्ञानको माध्यमबाट सत्यतथ्यको खोजी हुन थाल्यो । हरेक वस्तु घटनालाई विज्ञानसँग जोडेर बुझ्न थालेपछि भौतिक ज्ञानको प्रादूर्भाव भएको हो । तर हाम्रो समाज यो युगसम्म आउँदा धार्मिक अन्धविश्वासमा रुमल्लिएको छ ।

धर्मलाई कसैले मोक्षको साधन माने कसैले अफिम, अहिलेको नेपालको संविधानले धर्मलाई ऐच्छिक मान्यो तर धर्मको आडमा आफूलाई उभ्याउँदै आएका एकथरी धर्मभिरुहरू भने सिङ्गो मुलुक नै धार्मिक राज्य हुनुपर्दछ भन्ने मान्यतामा छन् । मान्यता भित्रका कतिपय पात्रहरू सनातन धार्मिक मतमा छन् । धर्ममा सानो ठूलो नहुनु पर्थ्यो तर हुन्छ किन । धर्ममा सेवा भाव हुनु पर्दछ तर यसैलाई कमाउको विषय बनाइन्छ किन ?

एकछिन घोत्लिन्छु । मान्छेले ईश्वरको आविष्कार कहिले गर्‍यो । ईश्वरको उपासना, आरधना गरेर ठोसमा के पायो । कुनै पुरोहित पुजारी वा साधुसन्तले प्रमाण पुर्‍याउन सक्दैनन् । धर्म एउटा सांस्कृतिक परम्परा हो । समाज विकासको क्रममा कतिपय प्राकृतिक परिवर्तनलाई मान्छेले गहिरोसित बुझ्न नसक्दा कुनै काल्पनिक शक्तिको कल्पना गर्दा ईश्वरको आविष्कार गर्‍यो त्यसैको आडमा पुजापाठ स्तुतिका साधानहरू विकास भए र धर्मको स्वरूप बन्यो तर यही धर्मभित्र विभेदको मान्यता झ्याङ्गिदै आयो र अहिलेसम्म पनि कायम छ । विभेदको शृङ्खला परिवार भित्रबाटै सुरु भएको छ । परिवारमा घरमुलिसित श्रीमती, छोरा-बुहारी नाति-नातिनीहरू हुन्छन् । परिवारमा पहिलो विभेद लिङ्गको आधारमा हुन्छ । परिवारमा छोरो अंशको हकदार हुन्छ उसको जन्म हुर्काई बढाई पढाई छोरीको दाँजोमा विशेष हुन्छ । हामीले देखेका छौं ५-७ छोरी जन्मदा पनि छोराको चाहनामा दोस्रो विहे गर्ने वावुहरू कयौं थिए । हाम्रो सांस्कृतिक वा धार्मिक मान्यतामा 'अपुत्रस्य गतिम् नास्ति' वा छोरो भनेको भविष्यको पिण्डपानीको आधार हो । 'स्वर्ग नैवचः नैवचः' अर्थात् मृत्युपछि स्वर्गवासको कल्पना हो भन्ने भ्रम पालिएको छ ।

हाम्रा धार्मिक भाष्य, पूराण वा कथाहरूमा यस्ता उक्तिसुक्ति प्रशस्त पाइन्छन् । सोझो भाषामा भन्दा धर्मले दया, करुणा परोपकार र विश्ववन्धुत्वको मान्यता राख्छ भनिन्छ तर यदि यसो हो भने विभेद किन हुन्छ र धर्मको आडमा कमाउधन्दा किन फस्टाउँछ ? धर्मका कट्टर अनुयायीहरूमा राग द्वेष र अभिमान किन हुन्छ ?

समुदाय पनि देखेका छौं धर्मका निहुँमा मन्दिर, चर्च, गुम्बा वा मस्जिदको विषयलाई लिएर चर्को वैरत्व पनि देखिएको छ । साङ्ख्यकीलाई आधार मानेर अल्पसाङ्ख्यकीहरू माथि गरिने विभेद मानव सभ्यतामा कलङ्कित छन् । एउटै धर्मभित्र हुने वेमेल पनि वैरत्वको कारण बनेको हुन्छ । वैष्णव वा शैव, महायानी या हीनायानी, क्याथोलिक र प्रोटेस्टेन्ट यी परस्पर विरोधी मत हुन् । धार्मिक साम्प्रदायिकता हेरेर मन्दिर, मठ, गुम्बा वा चर्च निर्माण गरिएको हुन्छ । त्यस्तो सम्पदाभित्र मानवीय मूल्यको सम्मान हुनुपर्दछ तर त्यस्तो पाइँदैन । हिन्दू धर्मका नाउँमा थुप्रै शक्तिपीठ र देवदेवीका नाममा मन्दिर निर्माण गरिएका छन् । यस्ता स्थलहरूमा खासखास पर्व मानेर धार्मिक मेला लाग्छन् । यही मेलालाई वहाना बनाएर व्यभिचार, ठगी, चोरी वा नाफाखोरी मौलाइरहेको छ । दिनमा लाग्ने मेलापर्वको तुलनामा राति लाग्ने मेलापातमा धेरै अपराधिक गतिविधिहरू सञ्चालन हुन्छन् । पूज्य मानिएका शक्तिपीठमा चलेको मेलाहरूमा कयौं महिलाको अस्मिता लुटिएको हुन्छ । मन्दिर वा शक्तिपीठलाई आधार मानेर गरिने बन्दव्यापार होस् वा धर्मको नाउँमा हुने अन्धविश्वासको परिणाम यस्तै देवदेवीको मन्दिर आसपास हुन्छ । पूजा अर्चनामा भक्तहरूद्वारा चढाइएको भेटी वा दान चन्दा जस्ता नगद वस्तु अपचलन हुने वा पुजारी र सञ्चालकले आफुखुसी कब्जा गर्ने घटना पनि सार्वजनिक भएका छन् । नेपाली हिन्दू धार्मिक मान्यतामा पुरुषको दाँजोमा महिलाहरू धर्मप्रति बढी आशक्त हुन्छन् । तर धार्मिक अनुष्ठानमा उनीहरूमाथि नै दूर्व्यवहार भइरहेको छ । कतिपय महिलाले जान्दाजान्दै र कतिपय अन्धविश्वासको कारणले अन्यायमा परिरहेछन् । धार्मिक गुरू वा पण्डित पुरोहितका प्रवचनहरू म्हिला सौन्दर्य लक्षित हुने र आफ्नो प्रशंसामा आँफै झुक्किने कारणबाट महिला लक्षित शोषण दोहन मौलाएको हुन्छ । अधिकांश महिलामा गरगहना प्रदर्शन र शृङ्गारमोह हुन्छ, यसकारण पनि धार्मिक लुटपाट र व्यभिचारको शिकारमा उनीहरू पर्दछन् ।

मन्दिर धाउनु, पूजा गर्नु, धर्म हो या संस्कृति ? यस विषयमा छुट्टै वहस हुनु वाञ्छनीय हुन्छ तर पूजा पाठ र व्रत उपासना वा दान दक्षिणा सबै सोलोडोलो धार्मिक गतिविधि भित्र पार्ने गरिएको छ । धर्मसित अभिन्न रूपमा संस्कृति जोडिएको छ । मन्दिर धाउनु पुजा पाठ गर्नु धार्मिक संस्कृति मानिन्छ तर यस कार्यको निश्चित सीमा र घेरा तयार गरिएको छ । हिन्दू संस्कृतिसित जात व्यवस्था जोडिएको छ । धर्मका नाममा निर्माण गरिएका देव मन्दिरहरूमा जात हेरेर प्रवेश निषेध गरिएको हुन्छ । यो प्रथा सबै भन्दा डरलाग्दो मानवीय शून्यताको चेत हो । जात प्रथाले दलित भनिएको मानवमाथि यस्तो विभेद गरिनु धर्म वा संस्कारको कुरूप चित्र हुन् यस्तो विभेद जरादेखि नै उखेल्नु पर्दछ ।

नेपालको संविधान २०७२ ले धर्म निरपेक्ष राज्यको व्यवस्था गरे पनि एकथरी धर्मभिरुहरू हिन्दू राज्यको मागदावी प्रस्तुत गरिरहेछन् भने एकथरी अवसरवादी वाइवल र पैसाको विटो बोकेर इशाइकरणको अभियानमा उद्दत छन् । यिनीहरू कथित हिन्दूवादको विभेदलाई आधार मानेर र गरिबीको फाइदा उठाउँदै वस्ति-वस्तिमा चर्चहरूको निर्माण गरिरहेछन् । यी दुवै अतिलाई राज्यले नियन्त्रण गर्नु पर्दछ तर सारमा भ्रममा जनता झुक्याइ रहेछन् । यस्ता गतिविधिहरूले धार्मिक अन्धतालाई मलजल गरिरहेछ । एकातिर शासकहरू श्क्तिको ढोङ फुकिरहेछन् अर्कोतिर शक्तिको आडमा पूराना मठमन्दिरका गजुर, मूर्ति वा पुरातात्विक वस्तुहरूको चोरी तस्करी गरिरहेछन् । विडम्वना कस्तो छ भने देव मानेको मूर्ति चोरी गर्ने बिक्री गर्ने खुल्ला भएर हिंडिरहेछ गर्जिरहेछ । उता बुढो भएको गोरू कुनै जाति विशेषले भक्ष्य गर्‍यो भने मुद्दा खेपिरहेको वा जेलको छिँडी कुरिरहेको हुन्छ । यस्तो घटनामा संविधान चुपचाप कुँजिन्छ । हामी विज्ञानको युगमा विचरण गरिरहेछौं । धर्म वा संस्कृति-संस्कारसित जोडिएका विज्ञानसम्मत विधिको संरक्षण, अनुसरण गर्दै अवैज्ञानिक विभेदपूर्ण मान्यताहरू खारेज गर्नेतर्फ हामी सबैले आ-आफ्नो तहबाट थालनी गर्नुपर्छ ।

---

## बालेन...

नगर्ने, कमिसन खाएर विदेशी वस्तु आयात गर्ने र केवल उपभोग मात्र गर्ने । नेपालमा आंशिक रूपमा लगानी गरे पनि मुनाफा जति विदेशमा पुर्‍याउने । यही दलाल पुँजीवादी आर्थिक प्रणालीलाई अहिलेको बालेन सरकारले संरक्षण र अभ्यास गरेको छ ।

त्यसैगरी स्पष्ट हुनैपर्ने अर्को विषय पनि छ- उत्पादक शक्तिको कुरा । विज्ञान र प्रविधि स्वयम्मा उत्पादक शक्ति हुन सक्दैन । उत्पादनको एउटा साधन भने हो नै । आज मजदुर खोज्न उद्योगमा मात्रै सीमित भएर हुँदैन, सेवाका श्रेत्रमा पनि जानु पर्दछ । मजदुरको परिभाषा पनि नयाँ ढंगले गर्नु पर्दछ ।

अब शान्तिपूर्ण तरिकाले मजदुर, किसान र सुकुम्बासीका मुद्दा बोकेर एउटा ठूलो विद्रोहको तयारीमा लाग्नु पर्दछ । र, आपसमा रचनात्मक र रूपान्तरणका लागि स्वस्थ आलोचना गरेर साझा गन्तव्यमा पुग्नु पर्दछ ।"

शुक्रबार राजेन्द्र महर्जनद्वारा लिखित 'उन्मादः फासीवाद मन्थन' पुस्तकको लोकार्पण कार्यक्रममा राजनीतिक विश्लेषक सिकेलालले भन्नुभयो- फासीवादको पहिलो कडी धर्मान्धता हो । राष्ट्रभक्ति आफैँमा राम्रो कुरा हो, तर राष्ट्रको नाममा मर्न तयार हुने नभई अरूलाई मार्न मात्र तयार हुने जुन 'उग्र-राष्ट्रवाद' छ, त्यो फासीवादको दोस्रो अर्थात् राजनीतिक आयाम हो । जनउत्तेजना/डेमागोगी अन्तर्गत "हामी मात्र तिमीहरूलाई जोगाउन सक्छौ" भन्दै जनतामाझ एउटा उन्माद वा भ्रम छरेर राजनीतिक फाइदा लिने काम गरिन्छ । फासीवादको आर्थिक पक्षमा प्रियतावाद जोडिएर आउँछ, जसले सस्तो लोकप्रियताका लागि आर्थिक एजेन्डाहरू पस्कने गर्दछ । संसारमा फासीवादी पार्टीहरू गठन हुनुभन्दा अगाडि देखि नै फासीवादी प्रवृत्ति विद्यमान थियो । वर्तमान समयमा, खासगरी अमेरिकामा डोनाल्ड ट्रम्प सत्तामा आइसकेपछि, पश्चिमा बौद्धिक वर्गले फासीवादका बारेमा अलि बढी चर्चा, व्याख्या र विश्लेषण गर्न थालेको देखिन्छ ।'

उहाँले अगाडि भन्नुभयो, "जब यी पाँचवटै आयामहरू एक ठाउँमा जोडिन्छन्, तब स्वाभाविक रूपमा एउटा अत्यन्तै निरङ्कुश शासकीय व्यवस्थाको जन्म हुन्छ। यसै व्यवस्थालाई समग्रमा इटालीमा 'फासीवाद' र जर्मनीमा 'नाजीवाद' भनियो । यसै सन्दर्भमा भारतमा 'हिन्दुत्वको शासन' र नेपालमा अहिलेसम्म स्थापित शब्दावली अनुसार तानाशाहीसँग मिल्दोजुल्दो व्यवस्था भन्न सकिन्छ। यी पाँचवटा आयामहरू समेटिएको हुनाले नै यसलाई फासीवाद भनेर परिभाषित गर्नु उपयुक्त हुन्छ ।"

उहाँको भनाइ छ- फासीवाद वा अधिनायकवाद कुनै एउटा नेता वा पार्टीको लहड मात्र होइन, बरु यो गहिरो सामाजिक संकटको उत्पादन हो । जब समाज चौतर्फी संकटमा फस्छ, तब कुनै एउटा महत्वाकांक्षी व्यक्तिले त्यसलाई 'अधिनायकवादी समाधान' मा बदल्ने चेष्टा गर्दछ। उसले जनतामाझ आएर दाबी गर्छ- "म आएँ भने सबै बेथिति ठिक पार्छु, मलाई विश्वास गर ।"

इमानदार मिहिनेतबाट सुरक्षित भविष्य सुनिश्चित नहुँदा मध्यम वर्गमा चरम आर्थिक र सामाजिक असुरक्षा पैदा हुन्छ । यही असुरक्षा र हताश मानसिकताले गर्दा मानिसहरू लोकतान्त्रिक प्रक्रियाभन्दा बाहिर गएर कुनै 'चमत्कारी' अधिनायकवादी शासकको पछि लाग्न प्रेरित हुन्छन्, जसले अन्ततः फासीवादलाई संस्थागत गर्न मद्दत पुर्‍याउँछ ।

यो फासीवादी प्रवृत्ति सधैँ एउटै वा पुरानो ऐतिहासिक पोशाकमा मात्र प्रकट हुँदैन। यो समय र परिस्थिति अनुसार नयाँ-नयाँ आवरणमा देखा पर्ने गर्दछ । कहिले यसले जातीय राष्ट्रवादको रूप लिन्छ त कहिले धार्मिक राष्ट्रवादको रूपमा आफूलाई प्रस्तुत गर्छ। त्यस्तै, कहिले अपराध नियन्त्रण, कहिले भ्रष्टाचार विरोध त कहिले राष्ट्रिय सुरक्षाको चर्को नारा र संवेदनशील मुद्दाहरूलाई ढाल बनाएर यो नयाँ रूपमा समाजमा देखा पर्न सक्छ ।

अहिले बालेन सरकारको आलोचनाको सन्दर्भमा भन्ने गरिन्छ- "नयाँ शक्ति आएको छ, यसलाई एकपटक अवसर दिएर हेरौँ न त" भन्ने तर्क अघि सारिन्छ । नयाँ सत्तालाई 'हनिमुन पिरियड' भन्दै सयौँ दिन पर्खने कुरा गरिन्छ । तर, कुनै जनावर कुकुर जस्तै हिँड्छ, कुकुर जस्तै भुक्छ र त्यसको चालामाला हेर्दा त्यो बहुलाएको स्पष्ट देखिन्छ भने, "यसले एकपटक टोकोस् अनि मात्र विचार गरौँला" भन्नु सरासर मूर्खता हो ।

### प्रतिरोध आन्दोलनको खाँचो

सिकेलाले भन्नुभयो, "विश्वको सबैभन्दा शक्तिशाली मानिएको देश (अमेरिका) र मानव संहारमा लागेको इजरायलको सत्ता एकसाथ लाग्दा पनि धार्मिक राष्ट्रका रूपमा रहेको इरान जस्तो मुलुकसामु उनीहरूले सोचे अनुरूप सफलता पाउन सकेनन् र अन्ततः घुँडा टेक्नुपर्ने स्थिति आयो । यस घटनाले के पुष्टि गर्छ भने, जनतामा सामूहिकता र प्रतिरोधको भावना निर्माण गर्न सकियो भने जतिसुकै शक्तिशाली शक्तिलाई पनि घुँडा टेकाउन सकिने रहेछ । यही सामूहिकता निर्माणको आज नेपाली समाजमा खाँचो रहेको छ । त्यो समाधानको पहिलो र मुख्य बाटो भनेको मानव चेतना वृद्धिको उपाय अवलम्बन गर्नु नै हो । विभिन्न विचार, आस्था र समुदायका मानिसहरू सँगै बसेर आपसमा छलफल गर्ने र साझा निष्कर्ष निकाल्ने यो बहुपक्षीय संवादको संस्कृतिलाई कसरी प्रवर्द्धन गर्ने र यसलाई समाजको अभिन्न हिस्सा कसरी बनाउने भन्ने नै आजको मुख्य चुनौती हो । सपनाको प्रकृतिका बारेमा विद्रोही कवि अवतार सिंह पाशको लेखेको अर्को कविता पनि उत्तिकै गम्भीर छ । त्यसमा उनी लेख्छन् कि सपना सबैलाई आउँदैन । बारुदका कणहरूभित्र सुतिरहेको आगोलाई सपना आउँदैन, अन्यायका लागि उठेको हत्केलामा मथिङ्गल खियाउने पसिनाको सपना हुँदैन, र दराजहरूमा थन्किएर रहेका इतिहासका निर्जीव ग्रन्थहरूले पनि सपना देख्न सक्दैनन् । विद्रोही कवि अवतार सिंह पाशको सबैभन्दा चर्चित काव्यिक पंक्ति छ- "सबसे खतरनाक होता है हमारे सपनो का मर जाना ।" उनी मुर्दा शान्तिमा हराउनु, तडप नहुनु, सबै अत्याचार सहेर चुपचाप बस्नु, र केवल घरबाट काममा जानु अनि कामबाट घर फर्कने एउटा संवेदनहीन यन्त्र जस्तै जीवन जिउनुलाई खतरनाक मान्दै सपनाको मृत्यु हुनुलाई नै सबैभन्दा घातक दुर्घटना भन्छन् । यो पंक्तिले मानिसलाई उत्तेजित गर्न खोजेको मात्र होइन, बरु सचेत रूपमा प्रतिक्रिया जनाउन घचघच्याएको हो । सपना मर्ने बारेको यो कविता जति चर्चित भयो, सपनाको प्रकृतिका बारेमा उनले लेखेको अर्को कविता पनि उत्तिकै गम्भीर छ । सपना देख्नका लागि त एउटा संवेदनशील र सहनशील हृदय हुनु जरुरी छ, र आँखामा एउटा सुन्दर भविष्य नियाल्ने दृष्टि हुनु आवश्यक छ ।"

उल्लेखित दुई दार्शनिक विद्वान तथा राजनीतिज्ञको सामयिक अवस्थाको विश्लेषण र त्यसको समाधानका लागि अगाडि सारिएका प्रस्तावनाहरूले स्पष्ट पार्दछन् कि जेनजी परिघटनादेखि बालेन्द्र साहको सरकारसम्म आइपुग्दा मुलुकमा असाधारण परिस्थिति खडा भएको छ । विगतमा लामो संघर्ष र बलिदानबाट स्थापित जनअधिकारहरू खोसिन थालेका छन् । स्वेच्छाचारी फासिवादी उन्माद राज्यका शासकहरूमा देखिएको छ । गरिब र श्रमजीवी वर्गमाथि राज्यआतंक खडा गरिएको छ । शासकहरू मानवीय संवेदनाशुन्य बनेका छन् । यस्तो अवस्थामा यो देशमा श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदाय एकताबद्ध भएर बालेन्द्र साहको फासिवादी क्रूरताका विरुद्ध प्रतिरोध आन्दोलन संगठित गर्नुको विकल्प छैन । त्यसका लागि नयाँ जनवादी क्रान्तिकारी कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्ने स्पष्ट दिशानिर्देशसहित वामपन्थी आन्दोलनको पुनर्जागरण आजको आवश्यकता बनेको विश्लेषणले सघन रूप लिदै गएको छ ।

---

❑ यो साता कविता

## म माफी माग्छु

❑ जगदीश चन्द्र



*तिनीहरुसँग*
*म माफी माग्छु*
*जसले*
*मलाई चुपचाप*
*ल्याप्चे नठोक्न भने*
*खोटो कागजमा*
*फेरि पनि*
*म नबोली नबोली*
*अवज्ञा गर्दै उनको राय*
*चुपचाप ल्याप्चे ठोकेँ*
*र, जन्माएँ*
*नयाँ युगको निरो*
*नवउदारवादी मुसोलिनी*
*बुद्धिहीन पाखन्डी*
*हिटलर जन्माएँ*
*म दुःखी छु ।*

*राष्ट्रद्वेषी जनद्वेषी*
*अपराधी आतङ्की*
*जन्माउनमा*
*अक्षम्य कर्म गरें*
*म माफी माग्छु*
*ती सबै सहिदसँग*
*जसले आफ्नो अमूल्य*
*रसयुक्त जीवन हराए*
*यस माटोमा*
*आफ्नो रगत बगाएर*
*यसको महान् गरिमालाई*
*उँचो बनाए*
*म भने*
*तिनका उत्सर्ग बिर्से*
*भङ्जाहा दुष्टलाई*
*छातीमा सजाई*
*अफिमची गँजडीलाई*
*सिंहासनमा राखी*
*आफैँलाई निच बनाएँ*
*पसिना पानी माटो*
*नदी खेत पहरा*
*वन बुट्यान काँढा*
*ढुङ्गा पाखा थुम्का*
*किसान मजदुर दलित*
*आदिवासी जनजाति*
*मेची महाकाली*
*कोसी गण्डकी कर्णाली*
*तिमीहरुप्रति*
*ठुलो घात गरें*
*निःशब्द निर्लज्ज*
*प्रश्न नगरी*
*आत्महत्या गरें*
*अर्थात् भोट खसाएँ*
*म माफी माग्छु ।*

## म किन लडैं ?



❑ चन्द्रबहादुर खड्का ...असल

*म किन लडैं ?*
*यो प्रश्न,*
*रातको सन्नाटामा उठेर सोध्छ मलाई,*
*आँखाभरि पुराना घाउहरु बोकेर*
*मेरो विगत आफैँसँग हिसाब माग्छ ।*
*परिवर्तनको आँधीबेहरीमा*
*म केवल बन्दुक बोकेको मान्छे थिइनँ,*
*म थिएँ*
*भोकले थाकेको गाउँको आवाज,*
*अन्यायले थिचिएको सपनाको चिच्याहट,*
*परिवर्तन खोज्ने एक असहाय आस्था ।*

*हिउँ जस्तै चिसा रातहरुमा*
*जङ्गलका पातहरु ओछ्याउँदा,*
*मलाई लाग्थ्यो*
*भोलि नयाँ बिहान आउँछ,*
*जहाँ मेरो आमाको आँसु*
*खेतको पानीसँग मिसिएर बग्ने छैन ।*

*समयले सधैं*
*सपना जस्तो न्याय नगर्दो रहेछ*
*धेरै साथीहरु*
*कहिल्यै फर्किएनन्*
*कसैका नाम मात्र बाँकी रहे*
*कसैका आवाजहरु इतिहासबाट हराए ।*
*आज म बाँचिरहेछु,*
*तर पुरानो म मरेको जस्तो लाग्छ ।*

*मेरो काँधमा अझै*
*त्यो समयको भारी छ,*
*जहाँ विचार र भावनाको बीचमा*
*मान्छेहरु टुक्रिए,*
*र जीवनले अर्थ खोजिरह्यो ।*

*म किन लडैं ?*
*सायद उत्तर एउटै छैन*
*न्यायको खोज थियो,*
*क्रान्तिको सपना थियो,*
*र आफ्नो अस्तित्व जोगाउने सङ्घर्ष थियो ।*
*आज म शान्त भएर सोच्छु*
*लडाइँले कस्लाई बदल्यो*
*म भित्रको आगो अझै जिउँदैछ ।*
*अब म बाँच्न चाहन्छु*
*नयाँ अर्थमा,*
*पुराना घाउलाई सम्झेर*
*भविष्यलाई फेरि लेख्न*
*क्रान्तिको सानो उज्यालोमा*
*आफ्नो जीवन फेरि भेट्न चाहन्छु*
*मलाइ मार्न पनि सक्छौ तिमी*
*म भित्रको आगो मार्न सक्दैनौ*
*म भित्रको आगो जिउँदो रहुन्जेल*
*म मर्ने छैन*
*म हार्ने छैन ।*

वर्ष ११ अङ्क १ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## कमरेडको...

रुद्रले लामो समयसम्म पार्टीको कामलाई जिल्लाको आफ्नो गाउँभन्दा बाहिर बसेर सम्पन्न गरेका थिए। रुद्रलाई पार्टीले आफ्नै गाउँमा संगठनको आधार बनाउनु पर्छ भनेर गाउँ कै जिम्मा दिएर पठाए। गाउँको जिम्मा दिए पछि उनी एक हिसाबले खुशी पनि भए। लामो समयसम्म श्रीमती केटाकेटी घर परिवारको सुख दुःखमा साथ सहयोग गर्न नपाएकामा थोरै मात्रामा भए पनि घरमा कामको मद्दत गर्न पनि पाइने भयो। घर परिवारसँग सँगै बस्न पनि पाइने भयो भनेर रुद्र खुशी भए। दिएको जिम्मेवारी लिएर गाउँमा आए। गाउँमा आएपछि रुद्रले गाउँका मानिसहरूलाई संगठित गर्ने कोशिस गरे। संगठन गर्न सजिलो थिए। सबै कांग्रेसी प्रभावमा परेका थिए। त्यही पनि रुद्रले संगठनको कामलाई अगाडि बढाउन सक्दो मिहनेत गरे। उनलाई श्रीमतीले पनि सकेको सहयोग त पहिला पनि गरेकै थिईन्। अहिले गाउँको जिम्मा लिएर आएपछि पनि गरि नै रहिन्।

दिनहरू बित्दै जान थाले रुद्र गाउँमा आएकाले जिल्लादेखि केन्द्रका नेताहरू आउने जाने गर्न थाले घर पनि जिल्ला कार्यालय जस्तै हुन थाल्यो। जिल्लाका कार्यक्रम केन्द्रका कार्यक्रम सबै सम्पन्न गर्न रुद्रले सकेको मिहेनत गर्न थाले। सबै राम्रै हुँदै गयो। पार्टीले उत्पादनको कामलाई पनि अगाडि बढाउने कुरा ल्यायो पार्टीको निर्देशन मान्ने कुरा भयो। नेता कार्यकर्ताहरू उत्पादनमा जोडिने भने पछि रुद्रले जीवनको आधाउधी समय पार्टीको झोला बोकेर सकाएका थिए। पार्टीको काममा हिँड्दा हिँड्दै उत्पादन के गर्ने भन्ने उनलाई खासै भेउ पनि थिएन। एक दिन साँझमा केटाकेटी सबै सुतिसकेपछि रुद्रले श्रीमतीसँग पार्टीको निर्णयको विषयमा सुनाए। "पार्टीले उत्पादनमा जोड दिएको छ। के गर्ने होला ? मैले पनि केही काम गरेर पार्टीलाई पनि मद्दत गर्ने र पार्टीलाई योगदान दिने कुरा छ। यो के काम गर्ने होला लक्ष्मी ? (रुद्रकी श्रीमतीको नाम लक्ष्मी हो) भन्दै श्रीमतीसँग सल्लाह मागे। रुद्रको कुरा सुनेर श्रीमती अलमलमा परिन्। उनी अलमलमा परेको देखेर रुद्रले फेरी कुरा राखे -"यो ठाउँ भनेको जातीय हिसाबले पनि क्षेत्री बाहुन बस्ने ठाउँ हो। कामी दमै त एक दुइ घर मात्रै हो। यो ठाउँमा असली तरिकाले चल्ने व्यवसाय भनेको दूधको डेरी हो। गाउँमा दूध पनि राम्रै संकलन हुन्छ, त्यसकारण दूधको डेरी राख्न पाए राम्रो हुने मलाई लागेको छ।"रुद्रले श्रीमतीसँग भने। श्रीमतीले भनिन् "तपाईँका कुरा त ठीकै हुन् तर लगानी कति लाग्ने हो ? लगानी कहाँबाट आउने हो ? कसले गर्ने हो ? हामीसँग लगानी लगाउने रकमको अभाव छ।" श्रीमतीको कुरा सुनेपछि रुद्र गम्भीर भए। यतिबेलासम्म कुनै व्यवहारिक कुरामा ध्यान नदिए पनि पुगेका रुद्रले साँच्चिकै के कसरी रकमको व्यवस्था गर्ने भन्नेमा सोचमग्न हुन पुगे। अहिलेलाई यसो उसो गरेर पार्टीका साथीहरूको साथ सहयोगबाट सानो घरजस्तो ट्याङ्की बनाउने र त्यसैमा सानो चिस्यान राखेर डेरी सँचालन गर्ने सोचाइ श्रीमतीलाई सुनाए। रुद्रको त्यो कुरा श्रीमतीलाई पनि ठीकै लाग्यो। दिनहरू बिते। रुद्र जिल्लामा पार्टी कार्यालयमा गएर जिल्लाको नेतालाई आफ्नो योजना सुनाए। रुद्रको योजना ठीकै मानेर नेताले सहमति जनाए। रुद्रले पार्टीका अन्य साथीहरूलाई डेरी संचालनकोलागि सहयोग गरिदिन पनि अनुरोध गरे। जिल्लाको नेताले काममा साथ सहयोग गर्नकोलागि भन्दै तीन जना कार्यकर्ताहरूलाई पठाए। राम नेपाली, हिरा विश्वकर्मा,श्याम दर्जीलाई खटाउँदा राम्रो हुने ठान्यो। तर एक पटक उनीहरूसँग सल्लाह गर्नु पर्छ भने पछि रुद्र त्यहाँबाट घरतिर हिँडे। घरमा आएर रुद्रले साथीहरू आउने कुरा श्रीमतीलाई सुनाए। श्रीमती खुशी नै भइन्।

जिल्ला नेताले राम नेपाली,हिरा विश्वकर्मा,श्याम दर्जीसँग सोधे। उनीहरू अलमल अलमल गर्दै नेताको मुखमा हेरिरहे। नेताले के हुन्छ भन्दै सोध्न थाले र भने "तपाइँहरूको यस्तो बनाउने क्षमता छ। कमरेड रुद्रलाई अफ्ठ्यारो परेको छ। त्यहाँ पार्टीको कामलाई व्यवस्थित बनाउनु पर्ने छ। त्यसकोलागि यो सबै मिलाउनकोलागि तपाइँहरूको आवश्यक छ। तीनै जना अत्यन्तै गम्भीर भएर सोचेर जवाफ फर्काए -"हामीले घरमा सल्लाह गर्छौं।" नेताले जवाफ फर्काए "हुन्छ छिटो निर्णय गर्नु।" नेता अलि पर पुगेको बेलामा उनीहरू एकआपसमा कुरा गरे-"नेताले त राम्रै कुरा गरे" राम नेपाली ,हिरा विश्वकर्माले श्याम दर्जीसँग भने "नेताले भने पछि नेताको कुरा नमानेर के गर्ने ? पार्टीको निर्देशन मान्नु पऱ्यो। नेताको निर्देशन नमाने भोलिको राजनीतिको पनि कुरा छ।" श्याम दर्जीले मुण्टो हल्लाए। राम नेपाली र हिरा विश्वकर्माले पार्टीले भनेकाले जानु नै पऱ्यो भन्ने कुरा गरे। श्याम दर्जीले एकचोटी श्रीमतीसँग सोधेर आउनु पर्छ भने। जे होस सबैको सहमति जस्तो भएर आ- आफ्नो घरतिर लागे। राम नेपाली र हिरा विश्वकर्माले घरमा कुनै कुरा नै नगर्ने मनशाय गराए। पार्टीको काम जसरी भए पनि सम्पन्न गर्नु पर्छ भन्ने ठाने। तर श्याम दर्जीले भने घरमा पुगेर साँझ सुत्ने बेलामा श्रीमतीसँग पार्टीको योजनाको कुरा यसरी खुरुरु सुनाए -" हेर बुढी रुद्र भन्ने हाम्रो नेता छन् नि, उनले दूध डेरी राख्दैछन् रे उनको गाउँमा। हामीलाई डेरी बनाउनकोलागि सहयोग गर्न जान भनेर जिल्लाका नेताले भन्नु भएको छ। हिरा,राम र मलाई केही दिनकोलागि त्यहाँ जान पर्ने भएको छ। म अब आज मात्रै यहाँ आएको अब केही दिन नआउने गरी काममा जानु पर्ने छ।" श्यामको बुढीले भनिन् "कुरा त ठिकै हो, तर अहिले फकाएर डेरी बनाउन लगाउने तर पछि दूध छोइन्छ भनेर हिँड्ने होलान् केरे ! जान त जानुस् ,मैले कहाँ कहिले रोकेको छुर ? पार्टीको काम भन्दै हिँडेको यत्रो समय भयो तर केही हुन सकेको हैन।" बुढीको कुरालाई श्यामले नकार्दै भने "त्यस्तो हुँदैन। पार्टीको नेताबाट किन त्यस्तो हुन्छर ? पहिलादेखि नै उनी त्यस्तो खालको छैनन्।"

भोलिपल्ट श्याम, राम र हिरा भेट भएर रुद्रको घरतिर जाने सल्लाह गरे, जिल्लामा पनि पार्टीका नेतालाई सुनाए।उनीहरू रुद्रको घरतिर लागे। बिहान हिँडेको दिउँसोतिर मात्रै रुद्रको घरतिर उनीहरू पुगे। त्यहाँ पुग्दा रुद्र र रुद्रकी श्रीमती काममा लागिरहेका थिए। जिल्लाबाट खटिएर आएका नेताहरू भनेर रुद्रकी बुढीले उनीहरूलाई बस्न ओछ्याउने गुन्द्री दिँदै भनिन् "नमस्ते, लौ यता बस्नुस्।" उनीहरू नमस्ते फर्काउँदै बिछ्याउन दिएको गुन्द्रीमा बसे। रुद्रले पानी तिर्खा लागेको होला साथीहरूलाई चिसो पानी दिनु भन्दै श्रीमती लक्ष्मीलाई अह्राए। रुद्रले दूध डेरी खोल्दैछन् रे भन्ने गाउँमा हरर फैलियो। श्याम ,राम र हिराले सकेको मिहेनत गरेर सबै काठ, माटो ढुङ्गाको जोहो गरेर डेरी राख्न मिल्ने सानो सानो ट्याङ्की बनाउने सल्लाह गरे। पछि उनीहरूले फेरी थपे त्यहाँ त मानिस बस्ने पनि केही सानो ठाउँ बनाउन पर्छ भन्दै सल्लाह गरे। उनीहरूको सल्लाह अनुसार यसो एक जना बसेर दूध डेरी राख्न मिल्ने संरचना बनाइदिए। श्यामले रुद्र र उनकी श्रीमती नभएको मौका छोपेर हिरा र रामलाई सुनाए -"ए साथी हो ,सुन्नुस् त रुद्रको डेरी बनाउने कुरा सुनाउँदा त मेरो बुढीले रुद्रले दूध छोइन्छ भनेर हिँड्ने होलान् पो भनेकी थिइ त।" हिरा र रामले कुरा सुनेर भने "के रे ? ए हामीले त सुनाएनौं। तिमी त कस्तो पार्टीका कुरा पनि बुढीलाई सुनाउने पो रहेछौ।"श्यामले भने -" घरमा त भनेर हिँड्नु पऱ्यो नि ! नत्र त कता गए के गरे भनेर चिन्तित हुन्छन् नि ! त्यही भन्ने क्रममा सुनाएको।" श्यामको स्पष्टीकरणको शैलीको कुरा सुनेर राम र हिराले भने "ठीकै छ।"

उनीहरू बोल्दाबोल्दै रुद्र र उनकी श्रीमती त्यहाँ आइपुगे। उनीहरूले कुरा रोके। रुद्रले खाजा खाऔं साथीहरू भन्दै भने। रुद्रकी श्रीमतीले खाजा दिइन्। काम करिब करिब सकियो। सानो सानो ट्याङ्की दुइदिनमा नै बन्यो। सबैको श्रमले डेरी ट्याङ्की उभियो। भित्री सजावटको र मिलावटको काम बाँकी नै थियो। श्याम , राम र हिराले गर्नु पर्ने काम करिब करिब सकियो। उनीहरू सबेरै विदावारी भएर हिँड्ने निधो गरे। रुद्रले हुन्छ साथीहरू भन्दै विदाइको हात हल्लाए।उनीहरूले ल्याएको झोला बोकेर आफ्नो घरतिर लागे।

भोलिपल्ट जिल्ला नेताकहाँ गएर हिरा, श्याम र रामले कामको सबै विवरण सुनाए। रुद्रले आन्तरिक सजावट गर्ने र दूध चिस्यान बनाउने कार्य रुद्रले नै गर्नुहुन्छ होला भन्दै विस्तृत विवरण पेश गरे।उनीहरूलाई राम्रो काम भयो भन्दै जिल्ला नेताले प्रसंशा गरे। यता श्याम, राम र हिरा पार्टीको अन्य काममा खटिन थाले। पार्टीले खटाएको काममा पसिना बगाउन थाले। उता रुद्रको डेरीमा दूध संकलन हुँदै गयो। दूध र दूध जन्य परिकारहरू पनि बन्दै गए। गाउँमा दूध संकलन केन्द्र खुलेपछि सबैलाई सजिलो भयो। रुद्रकी श्रीमती पनि सोहीकाममा लाग्न थालिन्। रुद्रले पनि दूध डेरीमा काममा सहयोग गर्दै जान थाले। रुद्रले पार्टीको कामको साथ साथमा दूध डेरीको काम गर्न थाले।अलिकता समय पाउने वित्तिकै रुद्र डेरीको काममा लाग्न थाले। रुद्रको डेरी खुलेसँगै गाउँमा सानातिना होटेलहरू पनि खुल्न थाले। डेरीको चर्चा जिल्ला स्तरसम्म हुन थाल्यो। श्याम,राम र हिराको पार्टीले खटाएर आफुहरूले डेरी बनाएको सम्झना मनभरि रहिरह्यो। कामको जिम्मा अन्यत्र परेकाले त्यो क्षेत्रमा जान सम्भव भएन।

डेरी खुलेको केही वर्षपछि श्यामलाई पार्टीले रुद्रको क्षेत्रमा काम गर्न भन्दै खटायो। श्याम रुद्रकोमा जान पाउँदा खुशी हुँदै जाने निधो गरे। घरबाट रुद्रकोमा जान विदा लिएर गए। रुद्रको घरनजिक पुगे। रुद्रको घरनजिकै पुगेर रुद्रलाई भेटे। रुद्रको पहिलाभन्दा आर्थिक अवस्था सुध्रिएको पाए। उनलाई मनमा खुशी नै लाग्यो। आफूले सहयोग गरेर बनाएको डेरीबाट रुद्रको घरमा राम्रो भएकोमा श्यामको मनमा खुशी लाग्नु स्वभाविक नै थियो। रुद्रले श्यामलाई डेरीमा लगेनन्। रुद्रले श्यामलाई आफ्नो घरमा पनि लगेनन्। रुद्रले श्यामलाई घरमा नलगेर डेरी नजिकै सानो होटेलमा लगेर पार्टी गतिविधिबारे कुरा गरे। रुद्रले कालो चिया मगाएर दुवै जनाले एक एक कप कालो चिया समाए। रुद्रकी श्रीमती दूध बेच्नमा मस्त र व्यस्त थिइन्। रुद्रले भने -"डेरीमा निकै व्यस्त हुनु पर्छ, म र श्रीमती यसमा धेरै खट्नु पर्छ। म अहिले पार्टीको काममा खट्न त्यति सक्दिन्न। अहिले केही हुन सक्ने अवस्था छैन। पार्टीले तपाइँलाई यो क्षेत्रमा अहिले नखटाएको भए हुने। यहाँ डेरीमा पनि अलि त्यस्तै छ। जातपातको कुरा पनि बुढा पुरानामा आइहाल्ने। मलाई त खास केही छैन।" कालो चियाको अन्तिम घुट्को लिँदै गर्दा श्यामको मनमा चिसो पस्यो। "ए रुद्र के भए ? रुद्र साँच्चि कै बिग्रन थालेका हुन् ? के रुद्रको वर्ग परिवर्तन भएको हो ? अब रुद्र रुद्र भन्दै यहाँ आउनुको के अर्थ ? श्यामको मनमा कुरा खेल्यो। बिर्सिसकेको डेरी बनाउन जाँनुभन्दा अघिल्लो रात श्रीमतीले भनेको कुरा झल्याँस्स मनमा आयो। श्यामले कल्पना गरे -मेरी बुढीले त्यो दिन, त्यो कुरा कसरी गरेकी होली ? अहिले त यिनले यस्तै पो गरे।" श्यामको मनमा कुरा खेल्यो। चियाको कप उठाएर लैजाने मान्छे आए। रुद्रले कालो चियाको पैसा तिरे। रुद्र र श्याम त्यहाँबाट हिडे।

अब कपमा चिया रित्तिइसकेको थियो। रुद्र भने आत्तिइरहेको मनोदशामा देखिएर भनेँ "म आफै जिल्लामा आउँछु। अब रात पनि पर्न थालिसक्यो। बाटो टाढा छ,यहाँ अहिले केही काम हुँदैन। तपाइँ जानुहोस् ,पछि कार्यक्रम बनाउँला।" रुद्रको कुरा सुनेर श्यामले के जवाफ दिने ? अब आफुलाई त्यहाँको वस्तुस्थितिबारे खासै केही थाहा छैन। आफु एक्लै पार्टीको काममा हिँड्न गाह्रो छ। उनी रुद्रले भनेको खुरु खुरु मानेर घरतिर बाटो लागे। छुट्टिने बेलामा श्यामले रुद्रलाई भने-"म्याडमसँग भेट भए पनि कुरा गर्न पाइएन, मत हिँड्नु पऱ्यो।" रुद्रले जवाफ फर्काए "त्यसमा केही चिन्ता लिनु पर्दैन ,उनलाई त्यति धेरै चासो पनि छैन।"

बाटोभरि श्यामको मनमा अनेक कुराहरू खेल्यो। "हैन रुद्रले हामीले डेरी बनाइदिएको कसरी भूलेका ? के हाम्रो मेहनत त्यसैकोलागि थियो ? त्यत्रो टाढाबाट गएको साथीलाई के कालो चिया मगाएर बसेको होला ? डेरीमा लगेर मज्जाले दही ,दूध जे छ दिएको भए पनि त हुने ! तर उनले भित्री मनको कुरा बोले नि ! 'बुढा पुरानामा जातपातको कुरा आइहाल्ने !' हो बल्ल रुद्रलाई बुझ्न पाइयो। यति पछि भए पनि उनलाई बुझ्ने अवसर प्राप्त भयो, नत्र त हामी सबैलाई कति समयसम्म रुद्र, रुद्र, भन्दै बस्नु पर्दथ्यो। अब त असली रूप देखियो। गैर क्रान्तिकारी मान्छेलाई क्रान्तिकारी हो भन्दै कति दिनसम्म बस्नु पर्ने थियो ! मलाई नराम्रै गरे तर यिनलाई त बुझियो।" श्यामको मनमा खासै उज्यालो छाएन। घरमा पुगेर श्रीमतीसँग कुरा भयो। श्रीमतीले किन चाँडै आएको भन्दै सोधिन्। श्यामले निन्याउरो मुख लगाउँदै भने- "काम भएन।" श्रीमतीले सम्झाउने पारामा भनिन् -"पीर नमान्नु ,अब पार्टीको काम यस्तै हो,सँधै एकै नास हुँदैन।" भोलिपल्ट श्याम पार्टी कार्यालयमा पुगेर सबै सुनाए। उनको कुरा सुनेर जिल्ला नेता दंग परे। राम र हिराले भने डेरीको ट्याङ्की बनाउने बेलामा श्यामले सुनाएको श्यामको श्रीमतीको कुरा सम्झिइरहे। श्यामले आफ्नो कुरा स्पष्टताको साथ भने "समाजमा विभेद र असमानता कायमै छ। समाज परिवर्तन गर्न अझै बाँकी नै छ।" जिल्ला नेता सहित राम र हिराले श्यामको कुरामा सहमति जनाए।

# 'दर्शनशास्त्रको इतिहास' पुस्तक परिचर्चामा कुन वक्ताले के भने ?

काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हेमन्तप्रकाश ओली सुदर्शनद्वार लिखित पुस्तक दर्शनको इतिहास परिचर्चा कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सिपी गजुरेलले देशको अस्तित्व बचाइराख्ने हो भने सबै सच्चा देशभक्त, क्रान्तिकारी वामपन्थी शक्तिहरूले सके एउटै पार्टी बनाउनु पर्ने, त्यो नसके एउटा मोर्चा बनाउनु पर्ने आखीर त्यो पनि नभए कार्यगत एकता गरेर भए पनि देश बचाउन लाग्नु पर्ने बताउनु भयो। उहाँले केही घटना घटाएर भयावह स्थिति पैदा गरिदिएर सरकार फेर बदल गर्न सकिने रहेछ, किन राजनीतिक दल र सङ्गठन चाहियो र किन जेल बस्न पर्यो ? अनावश्यक सास्ती भोगेर किन दुःख व्यहोर्न पर्यो ? भन्ने परिरहेको बेलामा क्रान्ति वा परिवर्तनका लागि दर्शन, विचार, दृष्टिकोण चाहिन्छ, त्यही अनुसारको पार्टी संगठन भएपछि मात्र आमुल परिवर्तन सम्भव हुन्छ भनेर स्थापित गर्न कामरेड सुदर्शनजीले यो पुस्तक पुनः प्रकाशन गर्नु भएको उल्लेख गर्दै लेखकलाई धन्यवाद दिनुभयो। उहाँले दर्शनलाई निकै कठीन र विरसिलो विषय जस्तो बनाएर जनताको जीवन व्यवहारबाट अलग्याएर जनताले बुझ्नै नसकिने चाहेर पनि जान्न सिक्न नै नसकिने विषय बन्दै आएको चर्चा गर्दै त्यो परिपाटीलाई यो पुस्तकले एक हदसम्म भत्काउन सक्ने बताउनु भयो। जनताबाट सिकेर जनतालाई दर्शन सिकाएर क्रान्तिलाई अगाडि बढाउन सकिने चर्चा गर्नुहुँदै उहाँले दर्शन अझ सरल तरिकाले जनताले बुझ्न सक्ने हुनुपर्ने बताउनु भयो।

परिचर्चा कार्यक्रममा आफ्नो धारणा राख्दै नेकपा एमालेका उपाध्यक्ष प्रदीपकुमार ज्ञवालीले प्रस्तुत पुस्तक दर्शन बुझ्न चाहने सबैको लागि सन्दर्भ सामग्री बन्न सक्ने विश्वास राख्दै कुन उत्पादन प्रणाली अन्तर्गत कुन कुन दार्शनिकले के र कुन दर्शनको विकास गरे भन्ने तर्फ ध्यााकर्षण नपुगेको टिप्पणी गर्नुभयो। उहाँले आजको सन्दर्भ र समस्यासंग लेखकले जोड्न नसकेको जिकीर गर्नुभयो। मार्क्सवाद आजसम्मको विज्ञानले प्रमाणित गरेको दर्शन भएको बताउँदै प्राचीन वोन, शैव, किराँत, बौद्ध दर्शनले विकास गरेको विषयलाई पनि जनतामा पुर्याउन सक्नु पर्ने धारणा राख्नुभयो।

अर्का परिचर्चाकार क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य परी थापाले मान्छे आफैमा धेरै दुःख पाउने र व्यहोर्ने जाति भएकोले आज विश्वविद्यालयमा दर्शन पढ्ने विद्यार्थी जम्माजम्मी सात जना रहेको, त्यो पनि छात्रवृत्ति मार्फत पढ्न आएको स्मरण सुनाउनु भयो। उहाँले यो पुस्तक सूचना मूलक, जानकारी मूलक र उद्दरणमूलक रहेकोले आलोचना खेप्न वाध्य पनि रहेको औंल्याउँदै बधाई दिनु भयो।

त्यसैगरी नेकपा बहुमतका महासचिव धर्मेन्द्र बास्तोलाले पुस्तक तीनहजार वर्षदेखिको इतिहासहरूको श्रृंखला जस्तो भएको चर्चा गर्दै उहाँले गौतम बुद्ध पनि शुन्यवादी नभएर द्वन्द्ववादी भएको दावी गर्नुभयो।

त्यसैगरी अर्का परिचर्चाकार नेकपा मसालका नेता समिर सिंहले पुस्तकमाथि चर्चा गर्ने क्रममा बुँदागत रूपमा कतिपय छलफल गर्नु पर्ने, कतिपय सच्चाउन पर्ने सुझावहरू प्रस्तुत गर्नुभयो।

त्यसैगरी प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्माले पुस्तकमाथि परिचर्चा गर्दै स्कुलकाल देखिको सहपाठी भएको र वहाँ पहिलेदेदि नै दर्शनमा अभिरुची राख्ने स्वभाव भएको व्यक्ति भएको र आज उहाँको दर्शनसम्बन्धी पुस्तक आउनु खुशीको विषय बनेको बताउनु भयो। उहाँले कम्युनिस्ट आन्दोलनमा जीवन व्यवहारमा एकरूपता कायम हुनु पर्नेमा त्यसो हुन नसकेकोले समस्या पैदा भएको दावी गर्नुहुँदै कुन दर्शन सिद्धान्तको आधारमा कुन चाहिँ सही र सच्चा पार्टी हो भनेर छुट्याउनै गाह्रो भएको बताउनु भयो। नेपालमा वैचारिक बहस छेड्न जरुरी रहेको ठहर गर्दै मार्क्सवादी दर्शनलाई आदर्शवादमा रुमल्याउने वा जडसुत्रवादमा सीमित बनाउने दुवै प्रवृत्तिका विरुद्ध संघर्ष गरेर आम श्रमजीवी मजदूर किसानको हित रक्षा गर्न लाग्नुपर्ने बताउनु भयो।

वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालका महासचिव आहुतीले पठन संस्कृति ह्रास हुँदै गएको अवस्थामा दर्शन जस्तो जटिल विषयमा पुस्तक प्रकाशन गर्नु राम्रै काम भएको चर्चा गर्दै इतिहासलाई वर्तमानको भुगोलसंग घालघोल गरेर प्रस्तुत गर्न नहुने धारणा राख्नुभयो। प्रस्तुत पुस्तकमा धेरै ठाँउमा त्यस खालको कमजोरी रहेकोले सच्याउन पार्नेमा जोड दिनु हुँदै विभिन्न भौगोलिक क्षेत्रमा विकास भएको दर्शन समावेस गर्न छुटेको र नेपालको सन्दर्भमा विभिन्न समयमा थुप्रै व्यक्तित्वहरूले राम्रो भूमिका खेलेको व्यक्तित्वहरू योग माया, रूपचन्द्र, मुन्धुमको बारेमा खोज अध्ययन गरिरहेका साथीहरू पनि छुटेको बताउनु भयो।

प्रा डा जगदीशचन्द्र भण्डारीले लेखक आफै वर्गसंघर्ष, जनसंघर्षमा नेतृत्व कै भूमिका बाट संलग्न भएर खारिएको व्यक्तित्व भएकोले यो पुस्तक आफैमा चर्चायोग्य रहेको बताउँदै दर्शन दुई ठाँउबाट विकास भएको दावी गर्नुभयो यूनान र हिमालयन प्रायद्वीप बाट। उहाँले भन्नुभयो, दर्शनको विकास श्रृङ्खला एकातिर वस्तुनिष्ट र आत्मनिष्ट आदर्शवाद हुँदै गाएको देखिन्छ भने अर्कोतिर प्राकृतिक भौतिकवाद हुँदै द्वन्द्वात्मक एतीहसिक भौतिकवादमा विकास भएको थियो। पश्चिमतिर आचार मीमांसा, तत्व मीमांसीय दृषटिकोण चरणबद्ध विकास भएको पाइन्छ तर पुर्वीतर ज्ञान मीमांसा, आत्ममीमांसाहरूको चरणवद्ध विकासको स्वरूप नै आजको उन्नत विकास रूप हो। तर विडम्बना आज पठन संस्कृति हराउँदै गाएको अवस्थामा पनि जानकारी मुलक पुस्तक ल्याउनु महत्वपूर्ण कुरा हो।

अर्का परिचर्चाकार गोपीरमण उपाध्यायले दर्शनमा सरल भाषा प्रयोग गर्नुपर्ने बताउदै इतिहासको भौतिकवादी धारणा (मैले किन दुःख पाएँ ?), उत्पादन पद्धति (मान्छेद्वारा मान्छे कसरी शोषित हुन्छ ?) भनेर छर्लङ्ग देखाउन सक्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

भुँडी पुराण प्रकाशन गृहका केशब पराजुलीले हिजो एक समय एउटै थलाको दाल भात जस्तो भएर काम गरेकाहरू एउटै मन मस्तिष्क भएर एउटै लक्ष उद्देश्य प्राप्तिका अभियानका अभियन्ताहरू अब एकै ठाउमा हुनु पर्ने सुझाव दिनुथियो।

पुस्तककार सुदर्शनले सबै परिचर्चाकारहरूको धारणा समेट्ने बताउँदै पुस्तकमाथिको परिचर्चाबाट आफूले धेरै कुरा सिकेको बताउनु हुँदै कतिपय कमीकमजोरी भएको पनि थाहा भएको बताउनु भयो। उहाँले यसलाई दर्शनको समग्र इतिहास नबुझिदिन अनुरोध गर्नुहुँदै मार्क्सवादी ऐतिहासिक भौतिकवादी दर्शनको इतिहासको रूपमा बुझिदिन पनि आग्रह गर्नुभयो।

कार्यक्रमको आयोजना अखिल क्रान्तिकारी र क्रान्तिकारी युवा संघ नेपालले संयुक्तमा काठमाडौं घट्टेकुलो स्थित संवाद ड्बलीमा आयोजना गरेको थियो।

कार्यक्रममा आमन्त्रित अतिथिको रूपमा क्रन्तिकारी कम्युनिष्ट पार्टी नेपालका स्थायी समिती सदस्य त्रय रामसिंह श्रीस, हरिभक्त कंडेल, इन्द्रमोहन सिग्देल, दार्शनिक अध्येता विष्णु प्रभात लगायतको समेत उपस्थिति रहेको थियो।

## पार्वती...

नेपालका प्रवक्ता सुदर्शनले २०८३ असार ७ मा एक प्रेस-वक्तव्य जारी गरी श्रद्धाञ्जली व्यक्त गर्नु भएको हो। वक्तव्य यस प्रकार छ -

"चितवन जिल्ला रत्ननगर नगरपालिका बछ्यौली निवासी पार्वती रिजालको हिजो असार ६ गते साँझ ६ः३० बजे ९५ वर्षको उमेरमा दुःखद निधन भएको छ। उहाँ हाम्रो पार्टीका केन्द्रीय समिति सदस्य कुलप्रसाद रिजालकी ममतामयी आमा हुनुहुन्थ्यो। उहाँका ३ छोरा ३ बुहारी, ८ नाति र ६ नातिनीहरू हुनुहुन्छ। उहाँको निधनबाट पार्टीले एकजना असल शुभचिन्तक र परिवारले कुशल अभिभावक गुमाएको छ। दुःखको यस घडीमा हाम्रो पार्टी पार्वती रिजालप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, कमरेड कुलप्रसाद रिजाल लगायत सम्पूर्ण शोकाकूल परिवार, मृतक पार्वती रिजालका साथी-संगिनी तथा शोकसन्तप्त आफन्तजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।"

## क्रान्तिकारी...

सुस्ताबासीले प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्तिले भारतीयहरूको मनोबल वृद्धि भएको समेत बताएका थिए। सुस्ताबासीहरूले अहिले सम्म कुनै पनि प्रधानमन्त्रीले नेपालले भारतको जग्गा मिचेको छ भन्ने अभिव्यक्ति नदिएको भन्दै प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्ति प्रति आक्रोस व्यक्त गरेका थिए।

## राष्ट्रिय...

वासतोला, वैज्ञानिक कम्युनिष्ट पार्टी नेपालका महासचिव विश्वभक्त दुलाल , नेकपाका अध्यक्ष ऋषि कट्टेलको सम्बोधन रहेको थियो। कार्यक्रममा वक्ताहरूले वर्तमा वालेन नेतृत्वको सरकारले राष्ट्रिय स्वाधिनताको रक्षाको विषयमा उदासिनता प्रकट गरेको बताउनु भयो। प्रधानमन्त्रीले नै नेपालले भारतीय भूमि मिचेको छ भन्ने अभिव्यक्ति दिएर राष्ट्रियताको विषयलाई कमजोर बनाउने काम भएको बताउँदै प्रधानमन्त्रीको सो अभिव्यक्ति राष्ट्रियता ,नेपालको सार्वभौमिकताको विरुद्ध रहेको उल्लेख गर्नु भयो। कार्यक्रममा सुकुम्बासीहरूलाई विस्थापन पारी होल्डिङ सेन्टरहरू राखी अत्यन्त गैरजिम्मेवार रूपमा प्रस्तुत भइरहेको बताउनु भयो। सुकुमबासीहरूको बासस्थानको व्यवस्था गर्न र भत्काइएका घर टहराको क्षतिपूर्ति प्रदान गरी दीर्घकालीन रूपमा सुकुम्बासी समस्या समाधान गर्न वक्ताहरूले माग गर्नु भयो।

## क्रान्तिकारी प्रेस...

सत्र समापन लगत्तै सुरु भएको बन्द सत्रले संयोजक पंगेनीले प्रस्तुत गरेको प्रतिवेदन र संगठनका पूर्व अध्यक्ष इन्द्र राउतले प्रस्तुत गरेको विधानमाथि व्यापक छलफल पश्चात सर्वसम्मत रूपमा पारित गरेको थियो।

बन्द सत्रमा हुकुमबहादर सिंह, हिरामणि दुःखी र इन्द्र राउतको एक अध्यक्ष मण्डल बनाइएको थियो। बन्द सत्रको अध्यक्षता हुकुमबहादुर सिंहले गर्नुभएको थियो भने सञ्चालन इन्द्र राउतले गर्नुभएको थियो। विधान र प्रतिवेदन पारित भएपछि अध्यक्ष मण्डलका अध्यक्ष सिंहले संयोजकसहितको प्यानल प्रस्ताव गर्नुभएको थियो। प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको थियो। नव निर्वाचित कमिटीलाई सल्लाहकारको तर्फबाट बरिष्ठ फोटो पत्रकार जय दाहालले बधाई मन्तव्य राख्नुभएको थियो भने निर्वाचति कमिटीको तर्फबाट संयोजक पंगेनीले प्रतिबद्धता मन्तव्य राख्नुभएको थियो। र, बन्द सत्रका अध्यक्ष सिंहले नव निर्वाचित कमिटीलाई बधाइ शुभकामना दिँदै बन्द सत्रको समापन गर्नुभएको थियो।

त्यसअघि संगठनको उद्घाटन सत्र पनि आजै (शनिबारै) सम्पन्न भएको थियो। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरवले व्यानर पढेर भेलाको उद्घाटन गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि गजुरेल, अतिथिहरू रामसिंह श्रीस, हेमन्तप्रकाश ओली, सन्तबहादुर नेपाली, अखिल (क्रान्तिकारी)का अध्यक्ष महेश श्रेष्ठ, क्रान्तिकारी युवा लिगका संयोजक दोर्जी शेर्पा वक्ताहरूले शुभाकामना दिनुभएको थियो

उद्घाटन सत्रको अध्यक्षता संयोजक पंगेनीले गर्नुभएको थियो भने सञ्चालन प्रेम ओलीले गर्नुभएका थियो। भेलालाई गोविन्द काफ्लेले स्वागत मन्तव्य राख्नुभएको थियो।

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

☛ वर्गदृस्टि साप्ताहिक
☛ हाँक साप्ताहिक

## आलोपालो

# कमरेडको डेरी

**कम्युनिष्ट बनेपछि कांग्रेस पक्षधरहरूले रुद्रलाई खासै वास्ता गरेनन् । कम्युनिष्टहरूका नेता कार्यकर्ताहरू बेला बेलामा आउने र जाने गर्दथे । रुद्र पार्टीको काम भन्दै कहिले घरबाट टाढा जाने गर्दथे । रुद्र जिल्ला स्तरको नेता बने । जिल्ला स्तरको नेता भने पनि उनी सँधै पार्टीको कामकोलागि हिंड्ने गर्दथे**



● मनु वि.क. ●

रुद्र क्रान्तिकारी बताउने कम्युनिष्टको सदस्य हो। गाउँमा उनलाई क्रान्तिकारी कम्युनिष्ट पार्टीका सदस्य हुन् भनेर सबैले चिनेका छन्। गाउँमा हाइ हुकुम राम्रै छ। पञ्चायतकालमा उनको बाउ सामन्त थिए। सामन्त बाउको छोरा पञ्चायतकाल सकिँने बित्तिकै कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए। रुद्र कम्युनिष्ट भयो भनेर त्यो बेला राम्रै चर्चा भएको थियो।


कम्युनिष्ट किन भयौ त रुद्र भनेर ? पाका नेपाली कांग्रेसका नेताहरूले सोच्दा रुद्रले ठूलो छाती बनाउँदै जवाफ फर्काएका थिए -"हेर्नुस ,कम्युनिष्ट भनेका गरिब दुःखीको पार्टी हो ? गरिबदुःखीको पार्टी भएकाले म गरिब दुःखीको पार्टीमा लाँगे। नेपाली कांग्रेस त धनी सामन्तहरूको पार्टी हो। कम्युनिष्टहरू धनी गरिब मान्दैनन् ,जातिपाती मान्दैनन्। यो समाजमा जातिपाती मान्दासम्म धनी गरिब रहँदासम्म सुख आउँदैन। कम्युनिष्टले जनतालाई सुख ल्याउन चाहेको छ। त्यही भएर कम्युनिष्ट पार्टीको सदस्यता लिएको हुँ। राम्रा काम गर्ने भएका कारण सदस्यता लिएको हुँ।


रुद्रको जवाफ सुनिसकेपछि कांग्रेसहरूले भन्ने गर्थे "शासन फेरिएसँगै फेरिन पनि जान्नु पर्दछ। फलाना फलाना कांग्रेस थिए ,उनीहरू राजा महेन्द्रको शासन आए पछि उतै गए। महेन्द्रको गाना गाउँदै हिंडे। महेन्द्रको पक्षमा ताली बजाउँदै हिंडे र सेवा सुविधा सबै लिए र राजाको विश्वास पात्र भए। यसरी नजिक हुन सकेकोमा उनीहरूले कति कति सेवा सुविधा प्राप्त गरे। फलानाले राजाको विरोध नगरेर खुरु खुरु राजाले जे भनेका छन् उही माने पछि उनको छोराले समेत बडो राम्रो सरकारी नियुक्ति खाए। सबै परिवारको अवस्था राम्रो बनाए। जान्न पर्छ जान्न। अहिले पञ्चायत गए पनि कांग्रेस आएको छ, हामीले जे भन्छौं त्यही गर्न सक्ने अवस्थामा छौं सकेको ठाउँमा हामीले तिमीलाई सहयोग गर्न तयार छौं। छोराछोरीलाई जेभने त्यही बनाउन हामी तयार छौं। गाउँका निकायहरूमा अवसर आउने वित्तकै तिम्रो नै भागमा पुऱ्याउने छौं।" यो सबै कुरा गरेर कांग्रेस पक्षधरहरूले नफकाएका पनि होइनन् तर रुद्र कम्युनिष्ट नै बन्ने।

कम्युनिष्ट बनेपछि कांग्रेस पक्षधरहरूले रुद्रलाई खासै वास्ता गरेनन्। कम्युनिष्टहरूका नेता कार्यकर्ताहरू बेला बेलामा आउने र जाने गर्दथे। रुद्र पार्टीको काम भन्दै कहिले घरबाट टाढा जाने गर्दथे। रुद्र जिल्ला स्तरको नेता बने। जिल्ला स्तरको नेता भने पनि उनी सँधै पार्टीको कामकोलागि हिड्ने गर्दथे। श्रीमान पार्टीको काममा जाँदा श्रीमतीको टाउकामा घर परिवारको सबै जिम्मा आउने भयो। घर परिवारको जिम्मा टाउकामा बोकेर पनि श्रीमतीले आफुलाई पार्टीको काममा पठाएकामा रुद्र अति खुशी हुने गर्दथे। रुद्रले लामो समयसम्म जिल्लाको निकै टाढा टाढाको जिम्मा लिएर संगठनको काम पार्टीको काम अर्थात जनता जगाउने काम गर्दथे। जिल्लामा नाम चलेको नेतामा कहलिएका रुद्रलाई सबैले राम्रो मान्दथे।

बाँकी ७ पेजमा

# रामसिंह श्रीसको पुस्तक 'संगठन, संघर्ष र प्रतिक्रियावादी चुनावसम्बन्धी लेनिनको दृष्टिकोण' प्रकाशित




काठमाडौं। रामसिंह श्रीसद्वारा लिखित पुस्तक "संगठन, संघर्ष र प्रतिक्रियावादी चुनाव सम्बन्धी लेनिनको दृष्टिकोण" प्रकाशित भएको छ। यस पुस्तकमा लेखकका ३ वटा लेख संग्रह गरिएको छ : (१) संगठन सम्बन्धी लेनिनको दृष्टिकोण (२) संघर्ष सम्बन्धी लेनिनको दृष्टिकोण र (३) प्रतिक्रियावादी चुनावसम्बन्धी लेनिनको दृष्टिकोण।

लेखक श्रीसले कम्युनिस्ट पार्टीको संगठन सम्बन्धी लेनिनवादी दृष्टिकोणलाई सैद्धान्तिक र व्यवहारिकरूपले प्रष्ट पार्ने कार्य गर्नु भएको छ। रामसिंह श्रीसले पार्टीमा लामो समय संगठन विभागको जिम्मेवारी सम्हालेको र पार्टीका भेला, सम्मेलनको लागि संगठन सम्बन्धी दस्तावेजको मस्यौदा लेखन समेत गरेको हुँदा पक्कै पनि अध्ययन र अनुभव दुवै दृष्टिकोणबाट श्रीसको लेख गहकिलो छ।

संघर्ष सम्बन्धी लेखमा मार्क्सवादी दृष्टिकोणबाट संघर्षका स्वरूपहरू के कस्ता हुन सक्छन् भनेर चर्चा गरिएको छ। प्रतिक्रियावादी चुनावलाई कम्युनिस्टहरूले कुन रूपमा लिनुपर्छ ? यो कम्युनिस्ट आन्दोलनमा छलफल हुँदै आएको विषय हो। श्रीसले प्रतिक्रियावादी चुनावसम्बन्धी मार्क्सवादी-लेनिनवादी दृष्टिकोणलाई यस लेखमा प्रष्ट पार्ने प्रयास गर्नु भएको छ।

प्रारम्भिक पृष्ठ ८ र पाठ्य पृष्ठ ६८ गरी जम्मा ७६ पृष्ठको यस पुस्तकको विक्री मूल्य रु. २००/- राखिएको छ। २०८३ असारमा प्रकाशित यस पुस्तकको आवरण डिजाइन देवेन्द्र तिम्लाले गर्नु भएको हो। नवचेतना प्रकाशनले यसपुस्तकलाई बजारमा ल्याएको हो। लेखकले यसभन्दा पहिले २०६३ मा "पार्टी फुट किन र कसरी" शीर्षकको पुस्तक प्रकाशित गर्नुभएको थियो।


## कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं
- उन्नत बीऊ, मल तथा सिँचाइका उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरूको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं,

**खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत् रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**





**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।